## सार्वजनिक सूचना

१, घटना घटेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गरौं ।
२, नियमित कर तिरौं, सभ्य नागरिक बनौं
३, दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
४ विसादीरहित अर्गानिक खेती गरौं , व्यवसायिक रुपमा पशुपालन गरौं ।
५ बाल साक्षरता सुनिश्चित गरौं
६ महिला हिंसा अन्त्यका लागी आआफ्नो ठाउँवाट काम गरौं ।
७ जेष्ठ नागरिकलाई उचित स्याहार सहितको सम्मान गरौं
८ घर,आँगन तथा वरपर सफा राखौं ।
९ घर वरपर फलफुलको विरुवा रोपी हरियाली वढाऔं ।
१० विभेद रहितको समाज निर्माण गरौं ।
११ सार्वजधनिक सम्पत्तिको संरक्षण गरौं ।

जुगल गाउँपालिका कार्यालय, सिन्धुपाल्चोक





वर्ष १६, अंक २ भदौं २०८२

# सिन्धुका सुसेती

मासिक



## जुगल विशेष

सि.पा.जि.द.नं.३७।०६७।६८
जि.हु.द.न.०७।०६७।६८

सिन्धुका सुसेली मासिकका लागि
**प्रकाशक**
टीका सुवेदी
**सम्पादक**
रामबहादुर सुनार
**कार्यकारी सम्पादक**
आईसिं तामाङ
**मुद्रण**
सेवा अफ्सेट प्रेस, चौतारा
**कार्यालय**
चौतारा साँगाचाकगढी न.पा. ५, सि.पा.
**सम्पर्क**
९८४१९८९०८७
**इमेल**
tikasindhu@gmail.com
मुल्य रु : १५०

## सम्पादकीय...

# तातोपानी नाका र पूर्वाधारको कमजोरी

तातोपानी नाका नेपाल–चीनबीचको एक मात्र प्रमुख स्थलमार्ग हो, जसले दुबै देशको व्यापारमा महत्वपूर्ण योगदान पुऱ्याउँछ। तर, हालै कोदारीको इकुमा गएको पहिरोका कारण नौ दिनदेखि सडक अवरुद्ध हुनु र चीनबाट आयातित सामान मानिसले बोकेर ल्याउनु परेको घटना अत्यन्त चिन्ताजनक छ। नाकामा अड्किएका सयौं कन्टेनरका नाशिने सामान जस्तै स्याउ, आँप, अंगुर, लसुन, प्याज कुहिनु केवल व्यवसायीको घाटा मात्र होइन, उपभोक्ताले मूल्यवृद्धिको मार पनि व्यहोर्नुपर्ने अवस्था हो।

एक कन्टेनरको सामान मानिसले बोक्न मात्र झन्डै एक लाख तीस हजार रुपैयाँ खर्चिनु पर्ने अवस्था आयात प्रक्रियाको असक्षमता र पूर्वाधार व्यवस्थापनको कमीको स्पष्ट उदाहरण हो। यसरी प्राकृतिक विपत्तिले व्यापार र आपूर्तिमा ल्याउने असरलाई न्यून गर्न दीर्घकालीन रणनीति आवश्यक छ।

सरकार र सरोकारवाला निकायहरूले पहिरो नियन्त्रणका स्थायी संरचना, नियमित मर्मत, वैकल्पिक सडकमार्गको विकास, र आपत्कालीन आपूर्ति व्यवस्थापनको पूर्वतयारीमा तत्काल ध्यान दिनुपर्छ। साथै, नाकामा अड्किएका सामान सुरक्षित राख्ने र छिटो छरितो रूपमा भित्र्याउने व्यवस्था हुन जरुरी छ।

तातोपानी नाका केवल आर्थिक व्यापारिक महत्वको विषय होइन, यो राष्ट्रिय हित र आपूर्ति सुरक्षासँग प्रत्यक्ष जोडिएको संरचना हो। प्राकृतिक प्रकोपलाई रोक्न नसकिए पनि प्रभावकारी पूर्वाधार, वैकल्पिक मार्ग र समयमै सहकार्यले यस प्रकारका संकटको असर न्यून गर्न सकिन्छ। यो घटना भविष्यका लागि ठोस पाठ र तयारीको अवसरका रूपमा लिनुपर्छ।

## फोटो फिचर

**हेलम्बुको गहना, पर्यटकको रोजाइमा पर्न थालेको ब्ल्याल्चे झरना**





# यस्तो छ जुगल गाउँपालिका

जुगल गाउँपालिका बागमती प्रदेश अन्तरगत सिन्धुपाल्चोक जिल्लामा पर्दछ । यो गाँउपालिकाको कुल क्षेत्रफल ५९२ वर्ग कि.मी. छ । यो गाउँपालिका राजधानी काठमाण्डौ बाट करिब ९० कि.मि उत्तरपुर्वमा अवस्थित छ ।

पुर्वमा भोटेकोशी गाउँपालिका र बाह्रिविसे नगरपालिका, पश्चिममा पाँचपोखरी गाउँपालिका, दक्षिणमा चौतारा साँगाचोकगढी नगरपालिका र वलेफि गाउँपालिका, र उत्तरमा चीन को सिमाना रहेको यस गाउँपालिका सिन्धुपाल्चोक जिल्लाकै सबैभन्दा ठूलो गाउँपालिका हो ।यो गाउँपालिका अविरल वगिरहने ब्रम्हायणी नदीको शिरमा पर्दछ । यस गाँउपालिकामा ७ वटा वडा (साबिक सेलाङ, गोल्चे, गुम्बा, पाङताङ, बराम्ची, हगाम गा.वि.स) छन । यस गाउँपालिकाको मुख्य पर्यटकीय स्थल जुगल हिमाल हो।

२०६८ को जनगणना अनुसार यो गाउँपालिकाको जम्मा जनसंख्या १९२२३ रहेको छ । यहाँका बासिन्दाहरूको मुख्य विशेषता भनेको धार्मिक र सास्कृतिक विविधतामा एकता हो । यहा विभिन्न धर्मका अनुयायीहरू जस्तै हिन्दु , बौद्ध र क्रिचियनहरूको बसोबास रहेको छ। जसले सार्वलौकिक सस्कृती झल्काउछ । यहाको मुख्य भाषा भनेको तामाङ, नेपाली, शेर्पा, नेवारी हो । यस क्षेत्रको मुख्य आयस्रोतहरु कृषि, पशुपालन, जडिबुटी ब्यबसाय आदि हुन । जल स्रोतको धनी रहेको यो गाँउपालिकामा साना र ठुलो गरी करिब १० वटा जलबिध्युत आयोजना छन्।

**क) भौगोलिक विशेषता**

जुगल गाउँपालिका ५९२ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको, हिमाली तथा पहाडी भूभाग मिश्रित एउटा विशिष्ट भौगोलिक संरचना भएको गाउँपालिका हो। यसको उत्तरी भाग चीन (तिब्बत) सँग जोडिएको छ, जसले यसलाई अन्तर्राष्ट्रिय सीमावर्ती स्थानीय तहको रूपमा चिनाएको छ। यहाँका भू-आकृति हिमाल, पहाड, खोँच र नदीहरूले बनेको छ। अविरल बहने ब्रम्हायणी नदी र यसका सहायक खोलाहरूले जलस्रोतको प्रचुरता प्रदान गरेका छन्, जसले कृषिलाई सिँचाइ, खानेपानी तथा जलविद्युतका लागि मुख्य स्रोत बनाएको छ।

उचाइ फरकका कारण जलवायुमा विविधता पाइन्छ — जहाँ तल्लो भेग समशीतोष्ण छ भने माथिल्लो भाग हिमाली जलवायुयुक्त छ। यही भौगोलिक विविधताले गर्दा यहाँ विभिन्न प्रकारका वनस्पति, जडिबुटी र वन्यजन्तु पाइन्छन्। भूगोलकै कारण गाउँपालिका प्राकृतिक विपद् (पहिरो, बाढी) को जोखिममा पनि पर्दछ, जुन स्थानीय विकास योजनामा सम्बोधन गरिँदै आएको छ।

ख) धार्मिक विशेषता

जुगल गाउँपालिकामा हिन्दु, बौद्ध र खीष्टियन धर्मावलम्बीहरूबीच सहअस्तित्व पाइन्छ। अधिकांश बासिन्दा तामाङ, शेर्पा तथा अन्य आदिवासी जनजाति समुदाय

भएकाले बौद्ध परम्परा यहाँ बलियो रूपमा स्थापित छ। भोटेगाउँ, गुम्बा, गोल्चे लगायतका क्षेत्रमा गुम्बा (बौद्ध मठ) हरू पाइन्छन् जसले बौद्ध धर्मको संस्कार र अनुशासनलाई जीवनशैलीमा उतारिएको देखिन्छ।

हिन्दु धर्मावलम्बीहरूको लागि पनि विभिन्न देवी–देवताका मन्दिरहरु छन्। दसैं, तिहार, माघे संक्रान्ति आदि पर्वहरु धूमधामले मनाइन्छन्। खीष्टियन समुदायले पनि स्वतन्त्र रूपमा आफ्नो धार्मिक गतिविधि सञ्चालन गर्दै आएका छन्, जसले धार्मिक सहिष्णुता र मेलमिलापलाई बलियो बनाएको छ।

**ग) सांस्कृतिक विशेषता**

सांस्कृतिक रूपमा जुगल गाउँपालिका विविधताले भरिपूर्ण छ। यहाँ प्रमुख रूपमा तामाङ, शेर्पा, नेवार, क्षेत्री, दलित तथा अन्य जातीय समूहको बसोबास रहेको छ। जातीय विविधता भए पनि समुदायबीच सामाजिक ऐक्यबद्धता र मेलमिलाप पाइन्छ।

तामाङ र शेर्पा समुदायका परम्परागत नृत्य (जस्तैः तामाङ सेलो, शेर्पा नाच), भेषभूषा, चाडपर्व (ल्होसार, युला, डम्फु नाच आदि) यहाँको मौलिक सांस्कृतिक सम्पत्ति हो। स्थान–स्थानमा ल्हाकाङ (गुम्बा) को आयोजना, सामाजिक पूजापाठ, सामुदायिक चाडहरु (जस्तै बडादशैँ, बुद्धजयन्ती, इष्टदेवी पूजाहरु) मनाइन्छ। यसले सामाजिक समावेशिता र संस्कृतिको संरक्षणमा महत्वपूर्ण योगदान दिएको छ।

**घ) पर्यटकीय विशेषता**

जुगल गाउँपालिका पर्यटन सम्भावनाले भरिएको छ। यहाँको प्रमुख पर्यटकीय गन्तव्य जुगल हिमाल हो, जसको नामबाट नै गाउँपालिकाको नामाकरण गरिएको हो। पदयात्रा, पर्वतारोहण, हिमाल अवलोकन तथा सांस्कृतिक पर्यटन यहाँका प्रमुख आकर्षणहरु हुन्।

जुगल हिमाल पदमार्ग लाङटाङ–गोसाइँकुण्ड जस्तै प्रसिद्ध पदमार्गहरु जडान गर्ने सम्भावना बोकेको छ। भोटे सीमा क्षेत्र, गुम्बाहरु, झरनाहरु, जडिबुटी क्षेत्रहरु, सामुदायिक होमस्टेहरु र स्थानीय जीवनशैलीले पर्यटकहरूलाई आकर्षण गर्ने गर्छन्। पालिकाले २०८१/८२ मा पर्यटक मैत्री पूर्वाधार विकास (विश्रामस्थल, पदमार्ग स्तरोन्नति, संकेत बोर्ड, होमस्टे अनुदान) जस्ता कार्यक्रम सञ्चालन गरेर पर्यटन प्रवर्द्धनमा ध्यान दिएको थियो।

पर्यटनसँगै स्थानीय उत्पादन (जस्तै अलैंची, जडीबुटी, मौरीपालन) मा आधारित ग्रामीण पर्यटनको अवधारणा पनि अघि सारिएको छ, जसले आर्थिक विकाससँगै सांस्कृतिक परिचयलाई विश्वसामु चिनाउने अवसर प्रदान गर्छ।



# स्थानीय तहः अनुभव र चुनौती




**संघ र प्रदेश सरकारबाट स्थानीय सरकारलाई अनुदान तथा राजश्व बाँडफाँड रकम प्रदान गरिन्छ भने स्थानीय सरकारले पनि अग्रिम कर, सामाजिक सुरक्षा कर, ठेक्का कर, भ्याट कट्टा गरी संघ सरकारको कोषमा दाखिला गर्दछ जसबाट संघ सरकारको राजश्व संकलनमा मद्दत पुगेको हुन्छ भने नदीजन्य वा खनिजजन्य पदार्थ उत्खनन्, संकलन र उपयोग गरेबापत स्थानीय सरकारले संकलन गरेको कुल राजश्वको ४० प्रतिशत रकम प्रदेश सरकारलाई दिईरहेको हुन्छ ।**

लोकबहादुर विक, प्रमुख प्रशासकिय अधिकृत
जुगल गाउपालिका

स्थानीय तह नेपालमा संघीयता धान्ने एक बलियो खम्बा हो । संघ र प्रदेशको तुलनामा देखिने किसिमको विकास र सार्वजनिक सेवा प्रवाहमा स्थानीय तह अब्बल सावित भईसकेको छ । नेपालको संविधान र कानून बमोजिम स्थानीय शासनको भरपूर प्रयोग स्थानीय तहबाट भईरहेको छ । स्थानीय तहको मूलतः योजना र बजेट निर्माण, संघ तथा प्रदेशको योजना र बजेट कार्यान्वयन, कानून निर्माण, विकास र सेवा प्रवाह, विपद व्यवस्थापन, गुनासो सम्बोधन, न्याय सम्पादन तथा समन्वय र सहकार्य जस्ता कार्यहरु प्रधान मानिन्छन् ।यो लेखमा जुगल गाउँपालिकामा यी कार्यहरूलाई आफ्नो कर्मथलोको शिरोधार मानी एक प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्दाको अनुभव र चुनौतीहरूलाई निम्नानुसार प्रस्तुत गर्ने प्रयास गरिएको छः-

१) योजना र बजेट निर्माणः-

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ ले स्थानीय तहमा बजेट तथा कार्यक्रम तर्जुमाका ७ चरणहरु उल्लेख गरेको भएता पनि यी चरणहरु पूर्ण रुपमा अवलम्बन गर्न सक्नु भनेको आफैमा चुनौतीपूर्ण कार्य भने पक्कै हो । जनप्रतिनिधि र आम उपभोक्ताहरु यस विषयमा पूर्ण जानकार हुनुपर्दछ र व्यवहारमा लागू गर्न तत्पर देखिनुपर्दछ ।स्थानीय सरकारले सीमित श्रोत र साधनबाट प्रत्येक बस्ती/टोलमा धेरै भन्दा धेरै योजनाहरु समेटिने गरी योजना र बजेट निर्माण गर्नु त्यतिकै चुनौती रहेको छ । स्थानीय आयोजना बैंक बनाएर योजनावद्ध र समन्यायिक ढंगबाट स्थानीय तह अगाडी बढ्नुपर्ने देखिन्छ।

२) संघ र प्रदेशको योजना र बजेट कार्यान्वयनः-

स्थानीय तहको आफ्नै वार्षिक योजना र बजेट ठूलो संख्यामा रहेको हुन्छ, हामी आफै आफ्नो योजना र बजेटको कार्यान्वयन शत प्रतिशत गर्न नसकिरहेको अवस्थामा तेहि माथि झन् संघ र प्रदेशको पनि थपिन्छन् र कतिपय त साना साना बजेटका योजनाहरु पनि स्थानीय तहबाटै कार्यसम्पन्न गरिदिनुपर्ने हुन्छ तर प्रगति भने संघ र प्रदेशले आफूले देखाउने हुन्छ ।संघ र प्रदेशको आफ्नै अनुभवी र दक्ष जनशक्ति हुँदाहुँदै पनि सम्झौता देखि लियर प्राविधिक सहयोग, अनुगमन र भुक्तानी सिफारिस समेत गरिदिनुपर्छ । तेहि काम स्थानीय तहबाटै हुने भए स्थानीय तहमा नै योजना र बजेट पठाईदिए भै गो नि? बजेट आफ्

नो वार्षिक योजना पुस्तिकामा राख्ने, कार्यान्वयन स्थानीय तहबाट गराउने अनि आफ्नो प्रगती देखाई कामको जस लिने संघ र प्रदेशको यस्तो प्रवृत्ति अन्त्य हुनुपर्छ ।

३) कानून निर्माणः-

स्थानीय तहको प्रमूख काम मध्ये एकल अधिकारको विषयमा स्थानीय तहले आफ्नो कानून आफै बनाउन पाउनु पनि एक हो । यो अधिकारको प्रयोगले स्थानीय सरकार पनि एक सीमित सरकार हो भन्ने कुरालाई बोध गराउँदछ ।स्थानीय तहले आफ्नो काम कारवाहीलाई सहज बनाउन पर्याप्त कानूनहरु निर्माण समेत गरिसकेका छन् । तर कानून बनाउने काम निकै चुनौतीपूर्ण कार्य रहि आएको छ । त्यस्तै बनेका कानूनहरुको राम्ररी अध्ययन वा जानकार राखी लागू गर्नु अर्को चुनौती पनि छ । कानूनले दिर्घकालिन एवं बहुपक्षीय असर पुर्याउने हुँदा यसको निर्माण तथा कार्यान्वयनमा विद्यायन समिति, कार्यपालिका र गाउँसभा गम्भिर हुनुपर्दछ ।

४) विकास र सेवा प्रवाहः-

स्थानीय तहलाई अब्बल सावित गर्ने भनेको नै विकास र सेवा प्रवाहले गर्दा हो । स्थानीय जनताहरु पनि विकास र सेवा प्रवाह के कस्तो रह्यो त्यसैको आधारमा स्थानीय तह प्रति आफ्नो धारणा बनाउँदछन् । भौतिक पूर्वाधार, आर्थिक, सामाजिक तथा साँस्कृतिक र संस्थागत एवं प्रशासनिक विकाससँग सम्बन्धित भई स्थानीय तहले सेवा प्रवाह गरिरहेको हुन्छ । प्रत्येक टोल/बस्ती यी क्षेत्रगत विकासको हिसाबले भरिपूर्ण बनाउनु आजको अनिवार्य आवश्यकता हो । आम उपभोक्ता, कृषक वर्ग, लक्षित वर्ग एवं सरोकारवालाहरु विकासमा नागरिक सहभागिता वा साझेदारीलाई सकेसम्म कागजमा मात्र देखाउन पाए हुन्थ्यो भन्ने जस्तो बुझाई राख्दछन् । सरकारी बजेट र जनसहभागिता वा साझेदारीको सदुपयोग मार्फत स्थानीय विकासलाई प्रभावकारी र दिगो बनाउन सकिन्छ भन्ने धारणा बनाएर काम गर्ने संस्कार अझै बसेको देखिँदैन । उनीहरुलाई विकास वा काम वा रोजगारी वा सहयोग/अनुदान वा नाफा के चाहिएको भन्ने कुराको स्पष्टता पनि हुँदैन, यति घाटा भयो भन्ने मात्र सुन्नुपर्ने हुन्छ ।योजना



सम्पन्न भएपछि उनीहरुलाई हुने प्रत्यक्ष वा अप्रत्यक्ष फाइदाहरुको विषयमा चर्चा हुँदैन ।

अर्को तर्फ निर्माण व्यवसायी पनि इमान्दार छैनन् समयमै गुणस्तर र परिमाणको काम गर्ने विरलै भेटिन्छन् । स्थानीय अवरोधहरुले गर्दा निर्माण व्यवसायीलाई काम गर्न पनि उत्तिकै गाह्रो छ ।भौतिक पूर्वाधार विकासमा स्थानीय तहको लगानी बढी देखिएता पनि वर्षायामको बाढी पहिरोले ठूलो क्षति पुर्याईरहेको हुन्छ जसले भौतिक पूर्वाधार विकासको गतिलाई नकारात्मक बनाईरहेको छ ।फेरी देशको शक्तिशाली दुईवटा संवैधानिक अंग महालेखा परीक्षकको कार्यालय र अख्तियार दुरुपयोग अनुसन्धान आयोग सबैभन्दा बढि आकर्षित हुने क्षेत्र पनि यहि नै हो ।विकास सम्बन्धि कार्य गर्दा विभिन्न स्वार्थरुपी पक्षहरुको प्रत्यक्ष र अप्रत्यक्ष संलग्नता चरणबद्ध भेटिन्छन् र अन्तिममा आएर यसलाई कुनै एक प्रशासकले नियन्त्रण गर्नु निकै चुनौतीपूर्ण कार्य हो । त्यसैले एउटा प्रमुख प्रशासकीय अधिकृत भई स्थानीय तहमा काम गर्नु चानचुने कुरो हुँदै होइन ।

संघ र प्रदेशको तुलनामा स्थानीय तह जनप्रतिनिधि, कर्मचारी र सेवाग्राही एकैपटक सजिलै भेटिने थलो हो।तेहि भएर पनि होला स्थानीय सरकार बढी कार्यात्मक देखिन्छ । केहि अपवाद बाहेक स्थानीय तहबाट छिटो, छरितो, सहज, सरल र मितव्ययी ढंगबाट सेवा प्रवाह अवश्य भईरहेको छ। सेवाग्राही,

कर्मचारी र जनप्रतिनिधिहरूले सेवा प्रवाहको मापदण्डलाई पालना गर्ने हो भने स्थानीय तहबाट प्रवाह हुने सेवालाई सेवाग्राहीले सोचेजस्तो, रोजेजस्तो र खोजेजस्तो बनाउन टेवा पुग्नेछ । हामीकहाँ सेवा प्रवाहको मापदण्डलाई भन्दा व्यक्ति (कर्मचारी वा जनप्रतिनिधि) लाई विश्वासमा लिई सेवा लिन खोज्ने प्रवृत्ति बढी देखिन्छ, यस्तो प्रवृत्तिले हामी सबैलाई कहिले पनि सिस्टममा बस्न दिँदैन । सेवाग्राहीले पनि मैले सबै कागजातपत्र पुर्याए पश्चात मात्र सेवा प्राप्त गर्ने हो भन्ने कुरो बुझ्नुपर्छ, कर्मचारीलाई प्रक्रिया र नियमसम्मत काम गर्न कुनै अवरोध सिर्जना गर्नु हुँदैन । तेहि पनि अहिले कतिपय कामहरु व्यवस्थापन सूचना प्रणालीबाटै हुन थालिसकेका छन्, विस्तारै स्थानीय तहमा पनि विद्युतीय शासन वा डिजिटल शासनको जग बसिसकेको छ। केहि अपवाद बाहेक स्थानीय तहबाट सेवा प्राप्तीको लागि गर्नुपर्ने अतिरिक्त खर्चहरूको अन्त्य भैसकेको छ।

५) विपद व्यवस्थापनः-

संविधानले विपद व्यवस्थापनलाई तीनवटै तहका सरकारको साझा अधिकारको सूचिमा राखेको छ। तीनवटै तहबाट आ-आफ्नो क्षमतानुसार विपद व्यवस्थापन सम्बन्धि कार्य हुँदै आएका छन् ।स्थानीय तहमा गठित विभिन्न संस्थागत व्यवस्था मार्फत विपद व्यवस्थापनको कार्य छिटो छरितो हुने गरेको छ ।विपद पूर्व तयारी र विपद पश्चात हुने प्रतिकार्यको लागि स्थानीय तह सचेत देखिएता पनि सीमित श्रोत/साधन र कानूनी जटिलताको कारण विपद व्यवस्थापन अपेक्षित हुन सकिरहेको छैन । उदाहरणको रूपमा जुगल गाउँपालिकामा ५ वर्ष अघि लिदी भन्ने ठाउँमा पहिरो गए पश्चात त्यहाँका २१० घरपरिवारहरु गाउँपालिका भित्रै र चौतारा साँगाचोकगढी नगरपालिकाको ४ नं वडा र ५ नं वडामा विस्थापित भई पुनर्स्थापनाको कार्य अगाडी बढाईएकोमा धेरै घरपरिवारले घर निर्माण सम्पन्न गरिसकेको भएता पनि अझै अन्तिम किस्ता पाउन सकेका छैनन् किनभने कानूनले अन्तिम किस्ता दिनुभन्दा अघि लाभग्राहीले पूरानो घर भत्काएको प्राविधिक प्रतिवेदन चाहिन्छ भनिदिएको छ । अब लाभग्राही आफ्नो पूरानो घर भत्काउन नचहाने गाउँपालिकाले घर नभत्काई अन्तिम किस्ता दिन नमान्ने स्थिति पैदा भएको अवस्था छ । यसको लागि लाभग्राहीको तर्फबाट पूरानो घरमा नबस्ने भनि स्वघोषणा गर्ने र पुनः सो घरमा बसी विपद आईपरेमा सरकार जिम्मेवार नहुने गरी अन्तिम किस्ता दिन सक्ने भन्ने वाक्यांश सहितको कानून संशोधन हुनुपर्ने व्यहोरा खुलाई गाउँपालिकाले कानून संशोधनको लागि पहल गर्दा हालसम्म कानून संशोधन हुन सकेको छैन जसले गर्दा लिदी पहिरोसँग सम्बन्धित विपद व्यवस्थापनको कार्यलाई अन्तिम टुङ्गोमा पुर्याउन सकेका छैनौँ । विपद व्यवस्थापनको सवालमा कानूनी अड्चन हटाउनु, भौगर्भिक अध्ययन गर्नु, एकिकृत बस्ती निर्माण र त्यसको पूर्वाधार विकास सहितको व्यवस्थापन गर्नु, वास्तविक लाभग्राही पहिचान गर्नु, विपद पूर्व तयारी र प्रतिकार्यलाई प्रभावकारी बनाउनु, पुनस्थापना भएको स्थानमा लाभग्राहीहरूलाई बस्नै पर्ने बाध्यात्मक व्यवस्था गर्नु र त्यहाँ दैनिक गुजारा चल्ने गरी सहज रूपमा बस्ने वातावरण बनाउनु जस्ता चुनौतीहरु गाउँपालिकामा हाल विद्यमान छन् ।

६) न्याय सम्पादनः-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ ले न्यायिक समितिलाई सिधै विवादको निरूपण गर्ने र मेलमिलापको माध्यमबाट मात्र विवादको निरूपण गर्ने गरी दुईवटा क्षेत्राधिकार दिएको छ । यसैको अधिनमा न्यायिक समितिले विवाद निरूपणको कार्य गर्दै आएकोमा क्षेत्राधिकार भन्दा बाहिरका विवाद पनि छलफल मात्र भएपनि न्यायिक समितिले गरिदिनु पर्यो भन्ने अनुरोध आउनु, विवाद निरूपणको कार्यलाई नियमित अदालत जस्तै बनाउनु, समितिको निर्णय कार्यान्वयन गर्नु, मेलमिलाप केन्द्रलाई व्यवस्थित बनाउनु, मेलमिलापकर्तालाई उचित पारिश्रमिक सहित दक्षता प्रदान गर्नु जस्ता चुनौतीहरु न्याय सम्पादनको क्रममा भेटिन्छन् ।




७) समन्वय र सहकार्यः-

हाम्रो संघियता समन्वय,

सहकार्य र सहअस्तित्वमा आधारित छ ।स्थानीय सरकारको सहअस्तित्वलाई ख्याल गर्दै संघ र प्रदेश सरकारबाट स्थानीय तहसँगको समन्वय र सहकार्यमा वित्तिय हस्तान्तरण र विभिन्न योजनाहरु कार्यान्वयन हुँदै आईरहेका छन् ।उदाहरणको रूपमा संघ र प्रदेश सरकारबाट स्थानीय सरकारलाई अनुदान तथा राजश्व बाँडफाँड रकम प्रदान गरिन्छ भने स्थानीय सरकारले पनि अग्रिम कर, सामाजिक सुरक्षा कर, ठेक्का कर, भ्याट कट्टा गरी संघ सरकारको कोषमा दाखिला गर्दछ जसबाट संघ सरकारको राजश्व संकलनमा मद्दत पुगेको



हुन्छ भने नदीजन्य वा खनिजजन्य पदार्थ उत्खनन्, संकलन र उपयोग गरेबापत स्थानीय सरकारले संकलन गरेको कुल राजश्वको ४० प्रतिशत रकम प्रदेश सरकारलाई दिईरहेको हुन्छ । यसबाट के बुझिन्छ भने वित्तिय हस्तान्तरण पनि समन्वय र सहकार्यको एक बलियो उदाहरण हो । त्यसैगरी बुँदा नं २ मा उल्लेख गरेको संघ र प्रदेशको योजना र बजेट कार्यान्वयनमा स्थानीय तहले पनि समन्वय र सहकार्य गरिरहेको हुन्छ भने अन्तरपालिका, निजी क्षेत्र र विभिन्न संघ संस्थाहरूसँग पनि साझेदारीमा योजनाहरु कार्यान्वयन हुनेगरी समन्वय र सहकार्य भईरहेको हुन्छ। समन्वय र सहकार्यलाई निस्वार्थ बनाउनु, आवश्यकतामा आधारित बनाउनु, समस्या समाधान तर्फ उन्मुख गराउनु, कानुन बाझिएको बहानामा पन्छिनु, हस्तक्षेपको प्रवृत्ति बढ्नु, निकायगत प्रतिनिधिको भौतिक उपस्थितिमा व्यापक छलफल गरेर स्पस्ट धारणा सहितको समन्वय र सहकार्य नभई केवल कागजी देखिनु यसका चुनौतीहरु हुन् ।

८) गुनासो सम्बोधनः-

स्थानीय तहमा जनताको नजिकको सरकार रहने भएकोले यो विभिन्न थरिका सेवाग्राही (नागरिक, उद्यमी, व्यापारी, उपभोक्ता समिति, निर्माण व्यवसायी, सहकारी, कृषक, शिक्षक, राजनीतिक कार्यकर्ता, संघसंस्थाका प्रतिनिधि, लक्षित वर्ग आदि) हरूको आ-आफ्नै गुनासाहरु सजिलैसँग राख्ने थलो भएको छ ।यस्ता गुनासाहरु माथि उल्लेख गरिएका बुँदा नं १ देखि ७ सम्मका विषयहरूमा नै बढि केन्दित रहेर आउने गर्दछन् । कतिपय गुनासाहरु नीतिगत निर्णय गरेर वा बनेका कानून पालना गरेर तत्काल सम्बोधन गर्ने खालका हुन्छन भने कतिपय पछि नयाँ कानून बनाएर सम्बोधन गर्नुपर्ने हुन्छन् । केहि गुनासाहरु अन्य निकायमा सिफारिस गरेर सम्बोधन गर्नुपर्ने खालका पनि हुन्छन् । गुनासो कतिको व्यवस्थापन गर्न सकियो त्यसैको आधारमा सेवाग्राहीहरूले स्थानीय सरकारप्रति आफ्नो सकारात्मक र नकारात्मक दुबै धारणा बनाउने हुँदा सकेसम्म सेवाग्राहीका गुनासाहरूलाई गम्भिर रूपमा लिई समयमा नै गुनासो सम्बोधन गर्ने तर्फ स्थानीय सरकार लाग्नुपर्दछ । कतिपय गुनासाहरु सार्वजनिक हितसँग सम्बन्धित भन्दा पनि बढि व्यक्तिगत हुनु, जे पनि गुनासाहरु स्थानीय सरकारले सम्बोधन गर्छ भन्ने मानसिकता बढ्नु र गुनासो सम्बोधन प्रति बेवास्ता वा पक्षपात देखिनु जस्ता चुनौतीहरु यसमा विद्यमान छन् । संघीयता कार्यान्वयनको ८ वर्षे दौडानमा स्थानीय सरकारबाट अथाह कामहरु भएका छन् तर त्यसको तथ्याकीय विश्लेषण हुन नसक्नु आफैमा विडम्बनाको विषय भएको छ किनकी तथ्याकीय विश्लेषणको विज्ञता स्थानीय तहको क्षमता भन्दा बाहिरको कुरो हो । स्थानीय तहको कामको तथ्याकीय विवरण नै राष्ट्रिय र प्रादेशिक तथ्याकको आधार हो । यसबाट तथ्यमा आधारित सरकार निर्माण भई सरकारप्रति जनविश्वास बढाउन सकिन्छ जसमा मूख्य भूमिका भनेको स्थानीय सरकारको नै हुन्छ ।

( लोकप्रीयवाट)

# जुगललाई एक पर्यटन हब बनाउने अभियानमा जुगल सरकार: दिगो पर्यटन, रोजगारी, स्वच्छता र सीपयुक्त भविष्यतर्फको यात्रा



**मिलन तामाङ : अध्यक्ष जुगल पर्यटन समिति तथा पर्यटन अभियान्ता**

नेपालको गौरवशाली प्राकृतिक सौन्दर्य, अनुपम सांस्कृतिक सम्पदा, गहिरो धार्मिक आस्था र अद्भूत जैविक विविधताले भरिपूर्ण भूभागमध्ये जुगल गाउँपालिका एक अग्रपंक्तिमा आउँछ। सिन्धुपाल्चोक जिल्ला र जुगल हिमश्रृंखलाको काखमा अवस्थित यो गाउँपालिका जुगल हिमालको भव्यताबाट नामाकरण गरिएको हो, जसले आफैंमा एक विशिष्ट परिचय बोकेको छ। दिगो पर्यटनको माध्यमबाट स्थानीय अर्थतन्त्रलाई नयाँ उचाइमा पुऱ्याउने र समृद्ध समाजको निर्माण गर्ने दृढ संकल्पका साथ जुगल सरकार अघि बढेको छ। यो केवल एक अभियान मात्र नभई, समग्र जुगललाई नेपालकै एक आदर्श पर्यटन हब को रूपमा स्थापित गर्ने एक दूरगामी यात्रा हो। यस यात्रामा जुगल सरकार, स्थानीय समुदाय, युवा पुस्ता र सम्बद्ध सबै सरोकारवालाहरू एकसाथ, एकबद्ध भई लागिरहेका छन्।

१. जुगलको भौगोलिक र सांस्कृतिक विशिष्टता

जुगल गाउँपालिकाको परिचय यसको अनुपम भौगोलिक बनावट र समृद्ध सांस्कृतिक विरासतबाट परिभाषित हुन्छ। राजधानी काठमाडौँबाट सबैभन्दा नजिक पर्ने हिमाली क्षेत्रका रूपमा परिचित यो पालिकामा ६,००० मिटरभन्दा अग्ला १४ वटा हिमशृङ्खलाहरू छन्, जसले यसलाई साहसिक पर्यटनका लागि एक अद्भूत गन्तव्य बनाउँछ। धार्मिक, सांस्कृतिक, प्राकृतिक र साहसिक दृष्टिकोटबाट जुगल पर्यटकका लागि अत्यन्तै आकर्षक गन्तव्य बन्ने प्रचुर सम्भावना बोकेको छ।

मुख्य आकर्षणहरू:

१ जुगल हिमशृङ्खला: यस क्षेत्रको प्रमुख प्राकृतिक सौन्दर्य, जसले पदयात्री र पर्वतारोहीहरूलाई लोभ्याउँछ।

२ धार्मिक तीर्थस्थलहरू: नेपेमाछाल, पाँचपोखरी, भैरवकुण्ड, स्याबल पोखरी र दोमोङ पोखरी जस्ता पवित्र स्थलहरू, जहाँ धार्मिक पर्यटकहरू शान्ति र आध्यात्मिक अनुभूतिको खोजीमा आउने गर्छन्।

३ गन्जला पास: काठमाडौँबाट सबैभन्दा नजिकको हिमाली पास, जसले साहसिक पदयात्राका लागि नयाँ मार्गहरू खुल्ला गरेको छ।

४ धार्मिक मूर्ति तथा गुम्बाहरू: गुरु रिन्पोचे, बुद्ध, मञ्जुश्री, चेङरेशीका भव्य मूर्तिहरूका साथै प्रत्येक गाउँमा रहेका गुम्बाहरू, जसले यहाँको बौद्ध संस्कृतिलाई जीवन्त राखेका छन्।

५ सांस्कृतिक पहिचान: यहाँको जातीय संस्कार, संस्कृति र नेवारी मठ तथा कुलघरहरूले जुगलको विविधतालाई झल्काउँछ।

६ जैविक विविधता: लाङटाङ राष्ट्रिय निकुञ्जको निकटता, हिमाली वनस्पति र जीवजन्तुको बासस्थानले जैविक विविधताका अध्येताहरूका लागि यो एक अनुपम क्षेत्र हो।

७ साहसिक गतिविधि: फराकिला फाँटहरू, विभिन्न पदयात्रा मार्गहरू र रहस्यमयी गुफाहरूले साहसिक पर्यटकहरूका लागि थुप्रै अवसर प्रदान गर्छन्।

२. पूर्वाधार निर्माण र रणनीतिक परियोजनाहरू

पर्यटनको जग बलियो बनाउन जुगल गाउँपालिकाले पूर्वाधार विकासमा विशेष जोड दिएको छ। वडा तहदेखि नै विभिन्न नीतिगत तथा रणनीतिक आयोजनाहरू अघि सारिएको छ, जसले धार्मिक, पारिवारिक, साहसिक र सांस्कृतिक पर्यटकहरूलाई आकर्षित गर्ने ठोस आधार तयार गरिरहेका छन्।

वडा परियोजना

जुगल-१ चेङरेशी मूर्ति, मिनी रंगशाला

जुगल-२ जुगल भिउँ प्वाइन्ट, भिमसेनथान मन्दिर

जुगल-३हिमाल सम्बन्धी तालिम केन्द्र, प्रतिमाहरू

जुगल-४ गुरु रिन्पोचेको मूर्ति (घुङा)

जुगल-५ दोमाङ पोखरी संरक्षण, शैक्षिक हबको रूपमा विकसित श्री रत्नराज्य मा.वि.

जुगल-६ मञ्जुश्रीको मूर्ति, जेरीको रोड अस्पताल

जुगल-७ बुद्ध मूर्ति, गुम्बा संरचना

३. हिमाल आरोहण तालिम केन्द्रको स्थापनाः नेपेमाछालमा नयाँ युगको थालनी

जुगल गाउँपालिकाको अर्को महत्वाकांक्षी योजना नेपेमाछाल आधारशिविरमा “हिमाल आरोहण तालिम केन्द्र“ को स्थापना गर्ने अभियानमा लागेको छ यसका लाग बागमति प्रदेश सरकारबाट केहि रकम विनियोजन समेत भएको छ यो केन्द्रले जुगललाई “ब्मखभलतगचभ त्यगचषक्ष ज्गद“ को रूपमा अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्नेछ।

१ रोजगारी सिर्जनाः यस केन्द्रले स्थानीय युवाहरूलाई प्राविधिक रूपमा प्रशिक्षित गरी पेसागत माउन्टेन गाइड उत्पादन गर्नेछ, जसले रोजगारीका अवसरहरू बढाउनेछ।

२ अन्तर्राष्ट्रिय अभ्यासः अन्तर ष्ट्रिय पर्वतारोहीहरूका लागि यो केन्द्र एक आदर्श अभ्यास शिविर बन्नेछ।

३ फेस्टिभल तथा प्रतिस्पर्धाः भविष्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्वतारोहण फेस्टिभल र प्रतिस्पर्धा आयोजना गर्ने सम्भावना पनि यस केन्द्रले बोकेको छ।

४. स्वास्थ्य पर्यटनको नयाँ गन्तव्यः जेरीको रोड अस्पताल

जुगल-६ मा अवस्थित “जेरीको रोड अस्पताल“ लाई आधार बनाएर जुगललाई स्वास्थ्य र पुनर्स्थापना पर्यटन को केन्द्र बनाउने दूरगामी योजना अघि बढाइएको छ।

१ प्राकृतिक वातावरणः यहाँको स्वच्छ हिमाली हावा, जडिबुटीयुक्त वनस्पति र शान्त वातावरण स्वास्थ्य लाभका लागि आदर्श छन्।

२ सेवा सञ्चालनको सम्भावनाः योग, ध्यान, नेचुरोपेथी र आयुर्वेद सेवा सञ्चालन गरी आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न सकिनेछ।

३ आदर्श स्थानः ध्र्गलिभकक च्भतचभबतक, म्भतयह ऋकउक र मानसिक स्वास्थ्य पर्यटनका लागि यो एक उत्कृष्ट गन्तव्य बन्ने सम्भावना छ।

५. स्वच्छता र वातावरणः “Green Jugal, Clean Jugal“ अभियान

जुगल सरकार केवल पर्यटकीय संरचना निर्माणमै सीमित छैन, “न्चभभल व्गनबि, ऋभिबल व्गनबि“ नाराका साथ स्वच्छता र वातावरणीय सरोकार लाई उच्च प्राथमिकता दिइएको छ। यो अभियानले जुगललाई शारीरिक रूपमा सफा मात्र नभई, पर्यावरणीय रूपमा दिगो बनाउनेछ, जुन सफल पर्यटनको आधारस्तम्भ हो।

१ नियमित सरसफाइः प्रत्येक वडामा साप्ताहिक सरसफाइ कार्यक्रम सञ्चालन गरी स्थानीय सहभागिता सुनिश्चित गरिँदैछ।

२ कचरा व्यवस्थापनः धार्मिक र पर्यटकीय स्थलहरूमा व्यवस्थित कचरा व्यवस्थापन र पर्याप्त डस्टबिनको स्थापना गरिएको छ।

३ सामुदायिक सहभागिताः स्थानीय जनप्रतिनिधि, विद्यालय, युवा क्लब र समुदायको सक्रिय सहभागिताले सरसफाइ अभियानलाई सशक्त बनाएको छ।

४ हरित अभियानः वृक्षारोपण कार्यक्रम र प्लास्टिकमुक्त क्षेत्र घोषणाको अभियानले जुगललाई हरियाली र स्वच्छ राख्न मद्दत पुऱ्याउनेछ।

५ जिम्मेवारी वहनः सरसफाइ पर्यटन र सामुदायिक जिम्मेवारीका कार्यक्रमहरूले स्थानीयमा पर्यटनप्रति उत्तरदायित्वको भावना विकास गरिरहेको छ।

६. सीप विकास र रोजगार सिर्जना

दिगो पर्यटनको लागि स्थानीय सीप विकास र युवाको आत्मनिर्भरता मा जुगलले जोड दिएको छ। पर्यटनसँग सम्बन्धित विभिन्न तालिमहरू सञ्चालन गरी स्थानीयलाई दक्ष र रोजगारमूलक बनाउने लक्ष्य राखिएको छ।

चालु र योजना गरिएका तालिमहरूः

१ माउन्टेन/ट्रेकिङ गाइड तालिम

२ होटल व्यवस्थापन, बारिस्टा

३ हिमाल आरोहण

४ होमस्टे व्यवस्थापन

५ भाषा तथा कम्प्युटर तालिम कक्षा

यी तालिमहरूले स्थानीय युवाहरूलाई पर्यटन क्षेत्रमा आवश्यक पर्ने सीप प्रदान गरी उनीहरूको आयआर्जनको क्षमता वृद्धि गर्नेछ।

७. जुगललाई पर्यटन हब बनाउँदा स्थानीय आर्थिक आयस्रोतमा पर्ने प्रभाव

पर्यटन हबको विकासले स्थानीय समुदायको जीवनस्तर उकास्न र आर्थिक गतिविधि बढाउन महत्त्वपूर्ण भूमिका खेल्छ। जुगलमा यसका निम्न प्रभावहरू देख्न सकिन्छः

१ प्रत्यक्ष रोजगारी सिर्जनाः

क होटल र रेस्टुरेन्ट क्षेत्रः पर्यटकको आगमनसँगै होटल, रेस्टुरेन्ट, चिया पसल र क्याफेहरूको माग बढ्छ, जसले कुक, वेटर, सरसफाईकर्मी र व्यवस्थापकहरूका लागि रोजगारी सिर्जना गर्छ।

ख होमस्टे सञ्चालनः स्थानीय घरहरूलाई होमस्टेको रूपमा विकास गर्दा परिवारहरूले पर्यटकलाई बस्ने र खाने सुविधा प्रदान गरेर आम्दानी गर्न सक्छन्। यसले स्थानीय संस्कृति र जीवनशैलीको अनुभव प्रदान गर्न पनि मद्दत गर्छ।

ग गाइड र भरियाः पदयात्रा र हिमाल आरोहणका लागि स्थानीय गाइड र भरियाहरूको माग बढ्छ। हिमाल आरोहण तालिम केन्द्रले दक्ष माउन्टेन गाइडहरू उत्पादन गरी उनीहरूलाई अन्तर ष्ट्रिय स्तरको रोजगारीका अवसरहरू

प्रदान गर्नेछ।

घ परिवहनः पर्यटकलाई एक ठाउँबाट अर्को ठाउँमा लैजानका लागि सवारी साधन चालक, सहयोगी र मर्मतसम्भारको काममा रोजगारी सिर्जना हुन्छ।

ङ अप्रत्यक्ष रोजगारी र व्यवसायिक अवसरः

च स्थानीय उत्पादनको बजारः पर्यटकहरूले स्थानीय कृषि उत्पादन (अर्गानिक तरकारी, फलफूल), हस्तकलाका सामग्री, ऊनी कपडा, जडीबुटी र अन्य स्थानीय उत्पादनहरू खरिद गर्छन्, जसले गर्दा स्थानीय किसान र उत्पादकहरूको आम्दानी बढ्छ।

छ सांस्कृतिक वस्तुको बिक्रीः धार्मिक तथा सांस्कृतिक महत्वका सामग्री, स्मृतिचिह्न र परम्परागत वेशभूषाको बिक्रीबाट स्थानीय समुदायले लाभ लिन सक्छन्।

ज मनोरञ्जन र सांस्कृतिक कार्यक्रमः स्थानीय कला, संगीत र नृत्य प्रदर्शन गरेर कलाकारहरूले आम्दानी गर्न सक्छन्। यसले स्थानीय संस्कृतिलाई प्रवर्द्धन गर्न पनि मद्दत गर्छ।

झ सेवा उद्योगको विस्तारः बैंक, वित्तीय संस्था, सञ्चार सेवा, स्वास्थ्य सेवा र अन्य खुद्रा व्यापारको विस्तार हुन्छ, जसले थप रोजगारी र आर्थिक गतिविधि बढाउँछ।

ञ निर्माण क्षेत्रः पर्यटन पूर्वाधार (सडक, भवन, पुल) को विकासले निर्माण क्षेत्रमा अस्थायी रोजगारी सिर्जना गर्छ।

**सरकारी राजस्व वृद्धिः**

पर्यटन शुल्क, कर र अन्य सेवा शुल्कहरूबाट गाउँपालिकाको राजस्व बढ्छ। यो राजस्वलाई पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक कल्याणका कार्यक्रमहरूमा लगानी गर्न सकिन्छ।

ड्ड वित्तीय पहुँच र लगानीः

य पर्यटन क्षेत्रको विकासले स्थानीय बैंक र सहकारी संस्थाहरूमा वित्तीय कारोबार बढ्छ। यसले उद्यमीहरूलाई सानो व्यवसाय सुरु गर्न वा विस्तार गर्न ऋण र लगानीका अवसरहरू पनि प्रदान गर्न सक्छ।

ड्ड सीप विकास र मानव संसाधनः

य पर्यटनसँग सम्बन्धित तालिमहरू (होटल व्यवस्थापन, बारिस्टा, भाषा कक्षा) ले स्थानीय युवाहरूलाई दक्ष बनाउँछ र उनीहरूको बजार मूल्य बढाउँछ। यसले गर्दा उनीहरूले जुगल भित्र वा बाहिर पनि राम्रो रोजगारी पाउन सक्छन्।

८. चुनौतीहरू र समाधानका दिशा

पर्यटन हब बन्ने अभियानमा जुगलले केही चुनौतीहरू को सामना गर्नुपर्नेछ, जसका लागि सम्भावित समाधानका उपायहरू पनि पहिचान गरिएका छन्।

चुनौतीसम्भावित समाधान

पूर्वाधार विकास अपुग सडक, बिजुली, सूचना प्रवाहको विकासमा समन्वय र लगानी वृद्धि

प्रचार-प्रसार अभाव

डिजिटल मार्केटिङ, टुर प्याकेज विकास, राष्ट्रिय/अन्तर्राष्ट्रिय मेलामा सहभागिता

जनशक्ति अभाव तालिम निरन्तरता, सीप विकास कार्यक्रम विस्तार

वातावरणीय संवेदनशीलता

सरसफाइ, फोहोर व्यवस्थापनमा कडाई, सामुदायिक सहभागिता र जनचेतना

निजी लगानीको अभाव

एएए (एगदष्अि-एचषखबतभ एबचतलभचकजष्उ) मोडेल, प्रोत्साहन नीति र सहुलियत कर्जाको व्यवस्था

सञ्चारको अभाव

तेम्बाथाङ भन्दा माथिल्लो क्षेत्रमा सञ्चार पहुँच विस्तार (मोबाइल टावर, इन्टरनेट)ठूला परियोजना र वातावरणीय प्रभाव जुगल हिमाल क्षेत्रमा ठूला परियोजनाहरू (सडक, जलविद्युत) निर्माणले नेपालको जलवायु परिवर्तन र हिमाल संरक्षण अभियानलाई चुनौती दिइरहेको छ। हिमाल नजिकै भारी मेसिनको प्रयोगले वनजंगलको विनाश, वन्यजन्तुको विस्थापन, स्थानीय गोठ र परम्परागत पदमार्गहरूको क्षति भएको छ। लाङटाङ राष्ट्रिय निकुञ्ज र नेपाल सरकारको भूमिकामाथि गम्भीर प्रश्न उठेको छ

किनभने उनीहरूले यस संवेदनशील क्षेत्रमा यस्ता गतिविधिलाई नियन्त्रण नगरेको र अनुमति दिएको देखिन्छ। यस्ता परियोजनाहरूले दिगो पर्यटनमा नकारात्मक असर पार्ने भएकाले वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को कडा पालना र स्थानीय समुदायको हितलाई प्राथमिकता दिनु अनिवार्य छ। अन्यथा, यसले जुगलको प्राकृतिक सौन्दर्य र जैविक विविधतामा अपूरणीय क्षति पुऱ्याउनेछ।

**अव्यवस्थित ढुंगा खानी सञ्चालन**

**जुगलमा भइरहेको अव्यवस्थित** ढुंगा खानी सञ्चालन एक प्रमुख चुनौती हो। नियमनबिनाको उत्खननले प्राकृतिक वातावरणमा गम्भीर असर पारिरहेको छ। यसले भूक्षय, खोलानाला र जलस्रोतमा नकारात्मक प्रभाव पार्नुका साथै स्थानीयको स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याएको छ। यो अव्यवस्थित दोहनले जुगलको पर्यावरणीय स्वच्छता र दिगो पर्यटनको लक्ष्यमा प्रश्नचिन्ह खडा गरेको छ। यसलाई तत्काल नियन्त्रण गर्न र नियमनका लागि कडा कदम चाल्न सम्बन्धित निकायको ध्यान जानु जरुरी छ।

९. जुगल साँस्कृतिक तथा पर्यटन विकास ऐन

जुगल गाउँपालिकाले आफ्नो क्षेत्रलाई दिगो पर्यटन हब को रूपमा विकास गर्ने अभियानमा एउटा महत्त्वपूर्ण कदम

चालेको छ। गाउँपालिकाको १८ औं गाउँसभाले 'जुगल साँस्कृतिक तथा पर्यटन विकास ऐन' पास गरेको छ। यो ऐन जुगलको पर्यटन प्रवर्द्धनका लागि विधिवत र नीतिगत आधार तयार पार्ने एउटा कोसेढुंगा हो।

**यस ऐनको महत्त्व र व्याख्याः**

क नीतिगत मार्गदर्शनः यस ऐनले जुगल क्षेत्रमा पर्यटन विकासका लागि स्पष्ट नीतिगत मार्गदर्शन प्रदान गर्छ। यसअघि छरिएर रहेका वा अस्पष्ट रहेका पर्यटनसम्बन्धी नियमहरूलाई एकीकृत र व्यवस्थित गरी अबका सबै पर्यटन गतिविधिहरूलाई यसै ऐनको दायराभित्र ल्याउनेछ। यसले गर्दा पर्यटन विकासका योजनाहरू अझ व्यवस्थित र पारदर्शी बन्नेछन्।

ख, सांस्कृतिक सम्पदाको संरक्षणः जुगलको पर्यटन विकास केवल प्राकृतिक सुन्दरतामा मात्र सीमित छैन, यसले यहाँको समृद्ध सांस्कृतिक सम्पदा लाई पनि उत्तिकै महत्व दिन्छ। यो ऐनले स्थानीय कला, संस्कृति, परम्परा, चाडपर्व, गुम्बा, मठ र ऐतिहासिक स्थलहरूको संरक्षण, संवर्द्धन र प्रवर्द्धनका लागि कानुनी आधार प्रदान गर्छ। यसले पर्यटकलाई स्थानीय संस्कृतिसँग जोड्न मद्दत पुऱ्याउँछ र सांस्कृतिक पर्यटनलाई प्रोत्साहन गर्छ।

ग, दिगो पर्यटनको आधारः ऐनले दिगो पर्यटन को सिद्धान्तलाई आत्मसात् गरेको छ। यसको अर्थ पर्यटन विकास गर्दा वातावरणीय सन्तुलनमा खलल नपर्ने, स्थानीय समुदायको जीवनशैली र परम्परामा नकारात्मक असर नपर्ने र भावी पुस्ताका लागि पनि प्राकृतिक तथा सांस्कृतिक स्रोतसाधनहरू सुरक्षित रहने सुनिश्चितता गर्नु हो।

यसले जथाभावी परियोजना निर्माण र अव्यवस्थित खानी सञ्चालन जस्ता चुनौतीहरूलाई सम्बोधन गर्न पनि मद्दत पुऱ्याउने अपेक्षा गरिएको छ ।

घ, स्थानीय सहभागिता र सशक्तिकरणः यो ऐनले पर्यटन विकासमा स्थानीय समुदायको सक्रिय सहभागिता लाई अनिवार्य गरेको छ। होमस्टे सञ्चालन, स्थानीय उत्पादनको बजारीकरण, गाइड तथा भरियाको रूपमा रोजगारी सिर्जना जस्ता गतिविधिहरूमा स्थानीयलाई प्राथमिकता दिइनेछ। यसले गर्दा पर्यटनबाट प्राप्त हुने लाभ स्थानीय समुदायमै रहने र उनीहरूको आर्थिक सशक्तिकरण मा टेवा पुग्नेछ।

ङ, लगानीमैत्री वातावरणः ऐनले पर्यटन क्षेत्रमा निजी तथा बाह्य लगानी लाई आकर्षित गर्न सहज वातावरण बनाउनेछ। यसले लगानीकर्ताहरूलाई स्पष्ट कानुनी फ्रेमवर्क प्रदान गरी लगानीका लागि प्रोत्साहन गर्नेछ, जसले पर्यटन पूर्वाधारको विकासमा तीव्रता ल्याउनेछ।

च, पर्यटन प्रवर्द्धनमा टेवाः यो ऐनले जुगल गाउँपालिकालाई राष्ट्रिय तथा अन्तर ाष्ट्रिय स्तरमा एक आकर्षक पर्यटकीय गन्तव्यको रूपमा चिनाउन प्रवर्द्धनात्मक गतिविधिहरू लाई पनि सहयोग पुऱ्याउनेछ।

**निष्कर्षः जुगल – सम्भावनाबाट यथार्थमा रूपान्तरण हुँदै**

जुगल गाउँपालिका अब केवल एक भौगोलिक क्षेत्र मात्र नभई, हिमाल, संस्कृति, स्वास्थ्य र साहसिकताको एकीकृत पर्यटन हब को रूपमा अघि बढिरहेको छ।

जुगल सरकारको सुझबुझपूर्ण योजना, स्थानीय समुदायको अविछिन्न सहभागिता, सीप विकास कार्यक्रम, पर्यावरणीय सचेतना र स्मार्ट प्रवर्द्धनका प्रयासहरूले गर्दा अब यो सपना मात्र होइन, सम्भव हुने यथार्थ हो। जुगलको हरेक कुना पर्यटनका लागि तयार हुँदैछ, र यसले स्थानीयको जीवनस्तर उकास्नेछ भन्नेमा कुनै शंका छैन।

१०. सबै क्षेत्रलाई सहकार्य र योगदानको हार्दिक अपिल

जुगल गाउँपालिकाले जुगललाई एक समावेशी, स्वच्छ, सुरक्षित र सम्भावनायुक्त पर्यटन हबको रूपमा विकास गर्न जुन प्रतिबद्धता देखाएको छ, त्यसको सफल कार्यान्वयनका लागि स्थानीय समुदाय, निजी क्षेत्र, प्रदेश/संघीय सरकार, नागरिक समाज, प्रवासी नेपाली, पर्यटन व्यवसायी र सञ्चार माध्यम सबैको सहयोग अपरिहार्य छ। यो साझा लक्ष्य प्राप्तिका लागि हामीलाई चाहिनेछः

क, नीतिगत सहकार्यः पर्यटन प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानुन निर्माणमा समन्वय।

ख, सीपको आदान-प्रदानः दक्ष जनशक्ति उत्पादनका लागि अनुभव र ज्ञानको साझेदारी।

ग, लगानी र प्रवर्द्धनको साझेदारीः पर्यटन पूर्वाधारमा लगानी आकर्षित गर्न र जुगलको विश्वव्यापी प्रचार-प्रसार गर्न सहकार्य।

घ सामुदायिक सहभागिता र संरक्षण चेतनाः स्थानीय समुदायलाई पर्यटनको महत्व बुझाउने र प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षणमा उनीहरूको सक्रिय भूमिका सुनिश्चित गर्ने।

"ग्रीन जुगल, क्लिन जुगल" नारालाई आत्मसात् गर्दै स्वच्छता, समृद्धि, संस्कार र सम्भावनाको भूमि – जुगललाई पर्यटकीय पहिचानको केन्द्र बनाउने यस साझा यात्रामा सबै तह, वर्ग र क्षेत्रको सहकार्य अत्यावश्यक छ।

अन्ततः, जुगल सरकार सम्पूर्ण सरोकारवालाहरूसँग एकजुट भएर अघि बढ्न, सहयोग गर्न र सहकार्य विस्तार गर्न हार्दिक अपिल गर्दछ ।

# जुगल गाउँपालिकाको २०८२/८३ को नीति तथा कार्यक्रम




सिन्धुका सुसेली । जुगल

जुगल गाउँपालिकाले आफ्नो १८औँ गाउँसभा सम्पन्न गर्दै आर्थिक वर्ष २०८२/८३ का लागि विस्तृत नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। "सामाजिक न्यायसहितको समृद्ध जुगल" भन्ने मूल नारासहित तयार गरिएको यो योजना स्थानीय विकासका प्राथमिकता, समावेशी दृष्टिकोण र दिगो समृद्धिको खाका पेश गर्ने प्रयास हो।

गाउँपालिकाले नेपाल सरकार र प्रदेश सरकारका नीति तथा बजेट, पाँचवर्षे योजना, स्थानीय राजनीतिक घोषणा पत्र तथा जनताको मागलाई आधार मानेर यो कार्यक्रम तयार गरेको हो। गाउँपालिकाका अनुसार यसमा सहभागी योजना प्रक्रियाद्वारा विभिन्न वर्ग, समुदाय र सरोकारवालाको सुझाव संकलन गरिएको छ।

**१. समावेशी विकास र स्थानीय स्वामित्व**

यस वर्षको योजनामा सबै टोल र बस्तीमा पूर्वाधार पुर्याउने, जनसहभागितामा निर्माण कार्य सम्पन्न गर्ने र स्थानीय स्रोत-साधनको अधिकतम उपयोग गर्ने नीति राखिएको छ। गाउँपालिकाले समावेशी सहभागितालाई विकासको मेरूदण्डका रूपमा लिएको छ।

**२. दिगो विकास र उद्यमशीलता**

**विदेश रोजगारीमा निर्भरता** घटाउँदै गाउँमै रोजगारी र समृद्धिको बाटो खोल्ने उद्देश्यसहित सीपमूलक तालिम, स्वरोजगार कार्यक्रम र लघु उद्यम प्रोत्साहन योजनाहरु अघि सारिएका छन्। दक्ष जनशक्ति उत्पादन र नविन सोचको प्रवर्द्धनलाई दीर्घकालीन लक्ष्यका रूपमा राखिएको छ।

**३. कृषि आत्मनिर्भरता**

गाउँपालिकाले 'एक वडा, एक कृषि उत्पादन कार्यक्रम' कार्यान्वयन गर्नेछ। अदुवा, लसुन, आलु, खुर्सानी जस्ता नगदेबालीका पकेट क्षेत्र विस्तार, प्लास्टिक टनेल खेती, थोपा सिँचाइ, मौरीपालन र प्राङ्गारिक मलको प्रयोग प्रोत्साहन गर्नेछ। बीउ उत्पादनदेखि बजार व्यवस्थासम्मको सम्पूर्ण श्रृत्ला मजबुत बनाउन विशेष ध्यान दिने योजना रहेको छ।

**४. पर्यटन प्रवर्द्धन**

जुगलको हिमाली सौन्दर्य र सांस्कृतिक सम्पदालाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउने लक्ष्यसहित आरोहण मार्ग, ट्रेकिङ ट्रेल, गुम्बा-मठ, पोखरी तथा धार्मिक स्थलको संरक्षण र विकास गरिनेछ। अन्तर्राष्ट्रिय पर्वत प्रशिक्षण केन्द्र स्थापना, होमस्टे प्रवर्द्धन, सूचना केन्द्र सञ्चालन र सांस्कृतिक महोत्सव आयोजना जस्ता कार्यक्रममार्फत पर्यटन क्षेत्रलाई दिगो बनाउन खोजिएको छ।

**५. शिक्षा सुधार**

सर्वसाधारणका लागि निःशुल्क गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने, तामाङ भाषामा माध्यमिक तहमा शिक्षा सञ्चालन गर्ने, छात्रवृत्ति तथा अनाथ बालबालिकाका लागि विशेष व्यवस्था गर्ने योजना सार्वजनिक भएको छ। शिक्षक तालिम, सरुवा नीति, पुस्तकालय स्थापना र बाल विकास केन्द्र विस्तारसमेत यसमा समावेश छन्।

**६. स्वास्थ्य सेवा**

गाउँपालिकाले घरदैलो स्वास्थ्य सेवा विस्तार गर्ने, निःशुल्क खोप र मातृ–शिशु स्वास्थ्य कार्यक्रमलाई बलियो बनाउने जनाएको छ। गोल्चे स्वास्थ्य चौकीमा पोलीक्लिनिक सञ्चालन, महिला स्वास्थ्य स्वयंसेविकाको भत्ता वृद्धि, घुम्ती स्वास्थ्य जाँच तथा मोतिबिन्दु शल्यक्रिया सेवा उपलब्ध गराउने योजना छ।

**७. भौतिक पूर्वाधार विकास**

सडक, पुल, खानेपानी, तटबन्धन र सिँचाइ पूर्वाधार विस्तारमा प्राथमिकता दिइएको छ। १२ महिना सञ्चालनयोग्य सडक, ग्राभेल तथा पक्कीकरण, १० बेडको अस्पताल, रंगशाला, स्मार्ट भवन, बगैंचा संरक्षण जस्ता परियोजना अगाडि बढाइनेछन्। स्थानीय मागमा आधारित तथा गौरवको आयोजना मोडेललाई अपनाइने उल्लेख गरिएको छ।

**८. सुशासन र सेवा प्रवाह**

गुनासो सुनुवाइ प्रणाली, डिजिटल प्रोफाइल, पारदर्शिता र दक्षता वृद्धिका लागि तालिम सञ्चालन, सूचना प्रवाह प्रणाली सुधार र अनलाइन सेवा विस्तार गर्ने योजना छ। गाउँपालिकाले 'कम खर्च, कम समय, बढी नतिजा' भन्ने कार्यशैलीलाई मूल मन्त्र बनाएको जनाएको छ।

**९. सामाजिक संरक्षण र समावेशीता**

दलित तथा अपांगता भएका व्यक्तिहरूलाई सीपमूलक तालिम, टुहुरा बालबालिकाका लागि आवासीय विद्यालय, ज्येष्ठ नागरिक चौतारी, महिला हिंसा न्यूनीकरण तथा जातीय अन्तरविवाह प्रोत्साहन योजनाहरु यसमा समावेश छन्।

**१०. विपद् व्यवस्थापन र वातावरण संरक्षण**

सामुदायिक वनको सशक्तीकरण, डम्पिङ साइटको व्यवस्था, प्लास्टिक निषेध, आपतकालीन केन्द्र स्थापना, सुरक्षित संरचना निर्माण तथा विपद् न्यूनीकरणका कार्यक्रमहरु लागू गरिनेछन्।

**विशेषता**

यस वर्षको नीति तथा कार्यक्रममा तीन मुख्य विशेषता छन्–

सहभागी योजना प्रक्रिया – स्थानीय बासिन्दा, शिक्षक, कर्मचारी, राजनीतिक दल र नागरिक समाजको सुझाव समावेश।

कार्यान्वयनमुखी सोच – प्रस्तावसँगै स्पष्ट कार्यान्वयन योजना र बजेटीय सरोकार।

समावेशी र दिगो दृष्टिकोण – हरेक वर्ग र क्षेत्रको प्रतिनिधित्व, पारदर्शी शासन र भविष्यमुखी सोच।

**निष्कर्ष**

जुगल गाउँपालिकाले सार्वजनिक गरेको २०८२/८३ को नीति तथा कार्यक्रम व्यावहारिक, सहभागी र दिगो विकासको खाका भएको स्थानीय बासिन्दाले बताएका छन्। स्रोत परिचालन, अनुगमन र नागरिक सहभागिता सशक्त बनाउन सके "समाजवाद उन्मुख समृद्ध जुगल" को लक्ष्य प्राप्त हुने अपेक्षा गरिएको छ।







- White Water Rafting
- Kayak Course for all Labels
- River Expeditions
- Best Mountain Bike Route in Nepal
- Short Hiking (Panaromic Mountain Views)
- Swimming Pool & Fruit Garden
- Pool Table & Beach Volley-ball
- Badminton, Freezbee & Carrom Board
- Seminar Hall
- Tented Camp & Attached Room
- Mountaineering Course

SUKUTE BEACH

FOOD, DRINK, GAME & SOUND

Equator Expedition Group

Exploring Wild River & Mountains (Since 80)
Thamel, Kathmandu, Nepal
Post Box No. 8404
Sales Office Phone No. 977-1-470085/4354169
Cell: 9841229388, 9843160988
www.equatorexpeditionsnepal.com
equator@mail.com.np










# सिन्धु सुकुटे पर्यटन व्यवसायी संघद्वारा
# समसामयिक विषयमा पत्रकार सम्मेलन

**सिन्धु सुकुटे पर्यटन व्यवसायी संघले स्पष्ट रूपमा भनेको छ कि, "व्यवसायीमाथि भएको अन्याय सबै व्यवसायीको साझा मुद्दा हो।" संघले सबै पर्यटन व्यवसायीलाई एउटै छातामुनि एकीकृत गरी अगाडि बढेको बताउँदै, कुनैपनि व्यवसायी अन्यायमा पर्दा त्यो संघकै साझा पीडा हुने उल्लेख गरेको छ।**




टीका सुवेदी । चौतारा

सिन्धुपाल्चोकको प्रमुख पर्यटकीय क्षेत्र सुकुटेमा सक्रिय सिन्धु सुकुटे पर्यटन व्यवसायी संघले साउन ४ गते एक पत्रकार सम्मेलनको आयोजना गर्दै, पछिल्लो समय पर्यटन व्यवसायमा देखिएका चुनौती, समस्याहरु र विकास प्रयासका बारेमा विस्तृत रुपमा जानकारी दिएको छ।

संघका सचिव कृष्ण सापकोटाद्वारा प्रस्तुत गरिएको प्रेस वक्तव्यमा सिन्धुपाल्चोकको पर्यटन विकासमा सुकुटे करिडोरको भूमिका र योगदानका साथै व्यवसायीहरूले भोग्नुपरेको अन्यायप्रति गम्भीर ध्यानाकर्षण गरिएको छ। उनले सुकुटे क्षेत्रलाई व्यवस्थित रुपमा पर्यटन गन्तव्यको रुपमा विकास गर्न संघले सञ्चालन गर्दै आएको गतिविधिहरूको जानकारी पनि गराएका थिए।

**सुकुटेको पर्यटन सम्भावना र संघको भूमिका**

सिन्धुपाल्चोक जिल्ला राजधानी काठमाडौंको नजिकै रहेको, प्राकृतिक सम्पदाले भरिएको जिल्ला हो। यहाँको जलवायु, भौगोलिक बनावट, नदी र जंगलका दृश्यले पर्यटकलाई आकर्षण गर्छ। विशेषतः बलेफी गाउँपालिका, चौतारा साँगाचोकगढी नगरपालिका र सुकुटे करिडोर जस्ता क्षेत्रहरुमा साहसिक पर्यटनका राम्रो सम्भावना रहेको छ।

यिनै सम्भावनालाई उजागर गर्न सिन्धु सुकुटे पर्यटन व्यवसायी संघ गठन गरिएको हो। संघले स्थापना कालदेखि नै पर्यटन प्रवर्द्धनमा ध्यान केन्द्रित गर्दै विभिन्न कार्यक्रमहरु गर्दै आएको छ।

२०८१ माघ १ गतेदेखि ५ गतेसम्म सुकुटे करिडोरमा सम्पन्न सातौं महिला तथा आठौं पुरूष राष्ट्रिय बीच भलिबल प्रतियोगिता संघको संयोजनमा सम्पन्न भएको थियो, जसले सुकुटेलाई राष्ट्रियस्तरमा चिनाउन सघायो। त्यस्तै, संघले सुकुटे पर्यटन दिवस मनाउने परम्पराको थालनी पनि गरिसकेको छ।

संघका अनुसार चौतारा साँगाचोकगढी नगरपालिकाको लगानीमा सुकुटे करिडोरमा फुटपाथ, सडक बत्ती, चौतारी निर्माणको काम भइरहेको छ, र आगामी वर्षमा पनि पर्यटन पूर्वाधार निर्माणलाई निरन्तरता दिने योजना छ।

**पर्यटन विकास र रोजगारीमा योगदान**

सुकुटे क्षेत्रका होटल तथा रिसोर्टहरूले स्थानीय सरकारदेखि

केन्द्रसम्म ठूलो कर राजस्व बुझाउँदै आएको संघको दाबी छ। केही रिसोर्टहरूले मात्र लाखौं रूपैयाँ कर तिरेका प्रमाण प्रस्तुत गरिएको छ।यस क्षेत्रका रिसोर्टहरूले प्रत्यक्ष रूपमा करिब ३०० जनालाई रोजगारी दिएका छन् भने अप्रत्यक्ष रोजगारीको संख्या त्योभन्दा अझ धेरै रहेको संघले उल्लेख गरेको छ। यसबाट स्थानीय जनताको आय आर्जनमा सकारात्मक प्रभाव परेको र पर्यटन नै स्थानीय अर्थतन्त्रको मेरूदण्ड बन्ने सम्भावना रहेको विश्वास संघले व्यक्त गरेको छ।

प्राकृतिक प्रकोप र त्यसको असर

सुकुटे पर्यटन क्षेत्र पछिल्लो समयमा प्राकृतिक प्रकोपबाट धेरै प्रभावित भएको छ। विशेषतः २०८१ सालको असोज १२ र १३ गतेको अविरल वर्षापछि आएको बाढी र पहिरोले सुकुटे क्षेत्रमा रहेका करिब दर्जनभन्दा बढी रिसोर्टहरूमा करोडौंको क्षति पुर्याएको छ।

सिन्धु बीच रिसोर्ट, सुनकोशी बीच रिसोर्ट लगायत अन्य व्यवसायहरु अहिले पनि पूर्ण रूपमा सञ्चालनमा फर्किन सकेका छैनन्। व्यवसायमा लय गुम्दा रोजगार, आम्दानी र पर्यटकीय आवागमन सबै प्रभावित भएको संघको भनाइ छ।

**व्यवसायीहरूमाथि भैरहेका आरोपप्रति आपत्ति**

संघले पत्रकार सम्मेलनमा पछिल्लो समयमा सञ्चारमाध्यम तथा केही व्यक्तिहरूको उक्साहटमा भ्रामक प्रचार र भूटा आरोप लगाइएका घटनाप्रति कडा आपत्ति जनाएको छ।

संघका अध्यक्ष महेन्द्रसिंह थापा, जो सुकुटेलाई पर्यटकीय गन्तव्यको रूपमा चिनाउने अभियान्ता मध्येका एक हुन्, उनीमाथि सार्वजनिक जग्गा अतिक्रमण गरेको भन्ने आरोपहरू विभिन्न माध्यमबाट लगाइएको छ।

संघका अनुसार सुकुटे बीच रिसोर्ट सञ्चालनमा रहेको जग्गा स्थानीय सरकारसँग सम्झौता गरी नियमित रूपमा कर र भाडा तिरेर उपयोगमा ल्याइएको हो, जुन कानुनी रूपमा वैध रहेको स्पष्ट प्रमाणहरु छन्। त्यसबाहेक जिल्ला प्रशासन कार्यालय र नगरपालिका स्वयंले निरीक्षण गरेर समेत त्यस क्षेत्रमा गैरकानुनी कार्य नभएको स्पष्ट पारेको संघले उल्लेख गरेको छ।यति हुँदाहुँदै पनि व्यक्तिगत रिसी र प्रतिस्पर्धाको आधारमा अध्यक्ष थापामाथि बारम्बार आरोप लगाइनु, सञ्चार माध्यमहरु प्रयोग गरेर भूटा प्रचार गर्नु र यसले समग्र पर्यटन व्यवसायमाथि नकारात्मक प्रभाव पार्नु गम्भीर चिन्ताको विषय भएको संघले जनाएको छ।त्यस्तै, सुनकोशी बीच रिसोर्टका सञ्चालक अन्जान खड्कामाथि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा भूटा उजुरी दिइएको, र माया बीच रिसोर्ट तथा स्याण्डी बीच रिसोर्ट लगायतका संस्थाहरूमाथि पनि निराधार उजुरीहरु परेका कुराले संघलाई गम्भीर रूपमा असर पारेको छ।

सिन्धु सुकुटे पर्यटन व्यवसायी संघले स्पष्ट रूपमा भनेको छ कि, "व्यवसायीमाथि भएको अन्याय सबै व्यवसायीको साझा मुद्दा हो।" संघले सबै पर्यटन व्यवसायीलाई एउटै छातामुनि एकीकृत गरी अगाडि बढेको बताउँदै, कुनैपनि व्यवसायी अन्यायमा पर्दा त्यो संघकै साझा पीडा हुने उल्लेख गरेको छ।

पत्रकार सम्मेलनको अन्त्यमा संघले मिडियाकर्मीहरूलाई सत्य तथ्य उजागर गर्न आह्वान गर्दै, सुकुटे करिडोरलाई सकारात्मक रूपमा प्रवर्द्धन गर्न अनुरोध गरेको छ। साथै सम्बन्धित निकायलाई छानबिन गरी सत्य र तथ्यमा आधारित निर्णय गर्न अपिलसमेत गरिएको छ।

निष्कर्ष

सुकुटे जस्तो पर्यटकीय सम्भावना बोकेको क्षेत्रलाई व्यवस्थित गर्न संघले विगतदेखि खेलेको भूमिका प्रशंसनीय छ। यस्ता संस्थाहरूलाई प्रोत्साहन गर्नु र व्यावसायिक वातावरणमा निहित स्वार्थ वा गलत आरोपहरूको अन्त्य गर्नु नै दीर्घकालीन पर्यटन विकासको आधार बन्न सक्छ। संघले प्रस्तुत गरेको यो प्रेस वक्तव्यले पर्यटन विकासमा निजी क्षेत्रको भूमिका, चुनौती र सम्भावनाका विषयमा गहन सन्देश दिएको छ। अब जिम्मेवारी सम्बन्धित निकाय, सञ्चार माध्यम र आम नागरिकको पनि हो – सत्यको साथ दिनु र सुकुटे पर्यटनको उज्यालो भविष्य सुनिश्चित गर्नु रहेको छ । पर्यटन व्यवसायीहरूले गरेका राम्रा कामहरू १) सकारात्मक प्रचार गर्ने को जोड दिने

२) यस सुकुटे करिडोरमा संचालित रिसोर्ट होटल एक नेपाल को प्रचलित कानून को अधिनमा रहि

व्यापार व्यवसाय संचालन गर्दै आई रहेको ।

३) व्यापार व्यवसाय गर्दा राज्य का बिभिन्न निकायमा कर हरू बुझ्फाउदै आएको ।

४) स्थानिय तह (चौ.सा.न.पा) लाई बिच प्रयोग गरे बापत बार्षिक बाल बिरोट कर बुझ्फाउदै आएको र यस क्षेत्रमा भित्रिनी आन्तरिक तथा बाहिरी पर्यटन बाट प्रति पर्यटन बापत रू १०० को दरले बुझ्फाउदै आएको ।

५) प्रत्येक वर्ष वर्षायाममा बाढि पहिरोले गर्दा नदि तटिय क्षेत्रमा संचालित व्यवसाय हरू को भौतिक संरचनाहरूमा बर्षेनीक्षेती भैरहेकाले क्षेती न्यूनिकरण गर्नको लागि सम्बन्धित निकाय ले पहल गर्नु पर्ने हामीले माग उठाउदै आएको ।

६) विपद व्यवस्थापन मा यस करिडोर मा हरूले संचालित रिसोर्ट होटल ब्यवसायहरूले, सहयोग गर्द आई रहेको ।

७) स्थानिय स्तरमा स्थानिय कृषि उपज, आय आर्जन वृद्धि, रोजगार सृजना गर्दै आई रहेको ।

८) स्थानिय सामाजिक संघ संस्थामा आर्थिक तथा सामाजिक उत्तर दायित्व वहन गर्दै आई रहेको ।

९) नेपालको साहसिक पर्यटन गेम जस्त राफटिङ क्यानोनिङ बन्जी, जिप लाईन, स्काई साईकिलिङ, ट्रेकिङ विकासमा सहयोग गर्दै आई रहेको ।

१०) सुकुटे क्षेत्र लाई केन्द्र बनाई जिल्लामा अवस्थित धार्मिक, प्राकृतिक, स्थानिय संस्कृति पर्यटन प्रर्वद्धनमा जोड दिने पूर्वधारहरू निमार्णको क्रम जारी छ । यस सुकुटे कटिडोरमा संचालित रिपोर्ट तथा होटलहरू लाई सार्वजनिक जग्गा मिच्यो भनेर गलत प्रचार वाजीहरू गर्दै आई रहेका छन् ।

पर्यटन व्यावसायीहरू लाई उपराधी लाई जस्तै व्यवहार गर्दै आई रहेका छन्, केहि मिडियाका साथीहरू केही यसै क्षेत्रमा लागेका साथीहरूले हामिले गरेका कामको सत्य तथ्य हिन समाचार बनाई सुकुटे करिडोर लाई नै वदनाम गराउन लागि परीरहनु भएको छ यहा उपस्थित हुनु भएका मिडिया साथीहरूलाई सत्य तत्यमा टेकेर सकारात्म प्रचार गरी दिन अनुरोध व्यवशायीहरूले अनुरोध गरेका छन् ।


# सार्वजनिक सूचना

१, घटना घटेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गरौं ।
२, नियमित कर तिरौं, सभ्य नागरिक बनौं
३, दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
४ विसादीरहित अर्गानिक खेती गरौं , व्यवसायिक रुपमा पशुपालन गरौं ।
५ बाल साक्षरता सुनिश्चित गरौं
६ महिला हिंसा अन्त्यका लागी आआफ्नो ठाउँवाट काम गरौं ।
७ जेष्ठ नागरिकलाई उचित स्याहार सहितको सम्मान गरौं
८ घर,आँगन तथा वरपर सफा राखौं ।
९ घर वरपर फलफुलको विरुवा रोपी हरि याली वढाऔं ।
१० विभेद रहितको समाज निर्माण गरौं ।
११ सार्वजधनिक सम्पतिको संरक्षण गरौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**लिसंखुपाखर गाँउपालिका**
**कार्यालय, सिन्धुपाल्चोक**

# सिन्धुपाल्चोक प्रहरीको वार्षिक प्रतिवेदन सार्वजनिकः शान्ति सुरक्षामा थप सफलता




सिन्धुका सुसेली । चौतारा

जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकले २०८१/८२ को वार्षिक प्रतिवेदन सार्वजनिक गर्दै अपराध नियन्त्रण, जनचेतना र कानुनी कारबाहीका क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरेको जनाएको छ।गएको वर्ष जिल्लाभर विभिन्न खाले २६४ आपराधिक मुद्दा दर्ता भएका थिए। तीमध्ये आत्महत्या, जबर्जस्ती करणी, लागुऔषध कारोबार, ज्यान सम्बन्धी कुकर्मलगायतका गम्भीर अपराध प्रमुख रहेका छन् ।

विशेषगरी, ११ वर्षीया बालिकामाथि बलात्कारपछि हत्या, वृद्ध नागरिकमाथि बन्चरो प्रहार गरी ज्यान लिएको, र महिलालाई बलात्कार उद्योगपछि नदीमा फालेकोजस्ता क्रूर घटनाहरूको सफल अनुसन्धान गरी अभियुक्तहरूलाई अदालतमा पेस गरिएको प्रहरीले जनाएको छ।

यसैबीच, १३९ जना फरार प्रतिवादीलाई पक्राउ गरी ४६ वर्ष १० महिना २९ दिनको कैद सजाय र ४ करोड ६२ लाख रूपैयाँभन्दा बढी जरिवाना असुल गरिएको प्रहरीको तथ्याक.मा उल्लेख छ।

लागुऔषध कारोबारमा संलग्न समूहहरूविरूद्ध ७ रोपनी क्षेत्रमा फैलिएको गाजाको खेती फडानी गरी ७७० वटा बोट नष्ट गरिएको जनाइएको छ।

जनस्तरमा प्रहरीको पहुँच बढाउने उद्देश्यले आत्महत्या रोकथाम, लैंगिक हिंसा, बाल यौनदुरुपयोग र सडक सुरक्षालगायतका विषयमा ४८८ वटा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएका छन्। ती कार्यक्रमबाट १५ हजारभन्दा बढी नागरिक लाभान्वित भएका छन् । यस्तै, ट्राफिक चेकिङबाट मात्रै ४१ लाखभन्दा बढी राजस्व संकलन गरिएको छ भने सवारी दुर्घटना न्यूनीकरणका लागि २८ सयभन्दा बढी सचेतना कार्यक्रम सञ्चालन गरिएको छ।

प्राकृतिक विपत्तिका घटनामा पनि प्रहरीले उल्लेखनीय सक्रियता देखाएको छ। बाढी, पहिरो, आगलागी, चट्याङ, करेन्टलगायतका ९७ घटनामा करिब ४४ करोडभन्दा बढीको सम्पत्ति नोक्सानी भएको प्रहरीको प्रतिवेदनमा उल्लेख छ।

गत आर्थिक वर्षमा ११७ पटक ख्ख्क्ष्ए(ख्क्ष्ए भ्रमण भएको र सो क्रममा ४८७ सुरक्षाकर्मी परिचालन गरिएको जानकारी दिइएको छ।

सिन्धुपाल्चोक प्रहरीको यो वार्षिक प्रतिवेदनले जिल्लामा सुरक्षा व्यवस्थापन र कानुनी कारबाही सुदृढ भइरहेको स्पष्ट संकेत दिएको छ।

# जिल्ला अदालत सिन्धुपाल्चोकको वार्षिक प्रतिवेदनः फौजदारी मुद्दामा वृद्धि, मिलापत्र पनि बढ्यो

सिन्धुका सुसेली । चौतारा

जिल्ला अदालत सिन्धुपाल्चोकले सार्वजनिक गरेको २०८१/८२ को वार्षिक प्रतिवेदन अनुसार, फौजदारी मुद्दाको संख्या अघिल्लो वर्षको तुलनामा केही बढेको देखिएको छ।

प्रतिवेदनअनुसार, चालु आर्थिक वर्षमा कुल १२४८ मुद्दा दर्ता भएका थिए, जसमा फौजदारी, दीवानी र अन्य प्रशासनिक प्रकृतिका मुद्दा पर्दछन्। तीमध्ये ७२ प्रतिशत मुद्दाको निरूपण भएको अदालतले जनाएको छ।

जिल्ला न्यायाधीश रेवतीराम ढकालका अनुसार, "न्यायमा पहुँच वृद्धि, अदालती प्रक्रियामा पारदर्शिता र सुलह प्रक्रियाको प्रवर्द्धनले कामको गति बढाएको हो।"

अदालतले विशेष रूपमा मेलमिलाप केन्द्रको प्रभावकारिता बढाउने प्रयास गरेको छ। २०८१ मा २३५ मुद्दा मिलापत्र प्रक्रियाबाट टुंगिएका थिए, जुन अघिल्लो वर्षको तुलनामा २०




प्रतिशत बढी हो।

बालबालिका, महिलामाथिका हिंसा र घरेलु विवादका मुद्दाहरूमा मनोसामाजिक परामर्श र समुदायमै समाधानको अभ्यास गरिएको छ।

अदालतमा अझै पनि जग्गा–जमिनसम्बन्धी दीर्घकालीन मुद्दाहरु प्रमुख चुनौती बनेका छन्। डिजिटल प्रणालीको अभाव, कानुनी जानकारीको न्यूनता, कानुन व्यवसायीको असमर्थता लगायतका कारण न्याय प्रक्रिया सुस्त हुने गरेको बताइएको छ।न्यायपालिकाले आगामी वर्षदेखि ई–दर्ता प्रणाली र डिजिटल सुनुवाइ सुरू गर्ने तयारी गरिरहेको छ। त्यसले ग्रामीण क्षेत्रमा बसोबास गर्ने नागरिकका लागि पनि न्यायमा पहुँच सहज बनाउने विश्वास लिइएको छ।


## सार्वजनिक सूचना

१, घटना घटेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गरौं ।
२, नियमित कर तिरौं, सभ्य नागरिक बनौं
३, दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
४ विसादीरहित अर्गानिक खेती गरौं , व्यवसायिक रुपमा पशुपालन गरौं ।
५ बाल साक्षरता सुनिश्चित गरौं
६ महिला हिंसा अन्त्यका लागी आआफ्नो ठाउँवाट काम गरौं ।
७ जेष्ठ नागरिकलाई उचित स्याहार सहितको सम्मान गरौं
८ घर,आँगन तथा वरपर सफा राखौं ।
९ घर वरपर फलफुलको विरुवा रोपी हरियाली वढाऔं ।
१० विभेद रहितको समाज निर्माण गरौं ।
११ सार्वजधनिक सम्पतिको संरक्षण गरौं ।

बलेफी गाँउपालिका, सिन्धुपाल्चोक

# पाँचपोखरी थाङपालमा नयाँ गुफाडाँडा–इन्द्रावती झोलुङ्गे पुल उद्घाटन, स्थानीय आवतजावतमा सहजता



सिन्धुका सुसेली । चौतारा

पाँचपोखरी थाङपाल गाउँपालिका वडा नं. १, २ र ६ को सिमानामा पर्ने इन्द्रावती नदीमाथि निर्माण गरिएको गुफाडाँडा-इन्द्रावती झोलुङ्गे पुलको उद्घाटन हालै सम्पन्न भएको छ। यो पुल उद्घाटन कार्यक्रम पूर्व कानुन मन्त्री तथा नेकपा एमालेका नेता शेरबहादुर तामाङ र पाँचपोखरी थाङपाल गाउँपालिका अध्यक्ष टासी लामाले संयुक्त रूपमा गर्नुभएको हो।

उद्घाटन समारोहमा प्रमुख अतिथि पूर्व मन्त्री तामाङले स्थानीय स्तरमा पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्दै यो पुल निर्माणको बजेट सुनिश्चित गरिएको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "अब पुल सञ्चालनमा आएपछि यस क्षेत्रका बासिन्दाले दैनिक आवतजावत र सामाजिक क्रियाकलापमा उल्लेखनीय सहजता अनुभव गर्नेछन्।" पुल निर्माणले स्थानीय जनजीवनमा ठूलो सकारात्मक प्रभाव पार्ने भन्दै पूर्व मन्त्री तामाङले विकासका आधारहरूमा सडक, पुल, स्वास्थ्य र शिक्षा सशक्त हुनु जरूरी रहेको उल्लेख गर्नुभयो।

पूर्व मन्त्री तामाङले समुदायको सक्रिय सहभागिता र सहयोगबिना यस्तो आयोजनाको सम्भव नहुने भन्दै पुल निर्माणका लागि श्रमदान, जग्गा दान र अन्य माध्यमबाट सहयोग पुर्‍याउने सम्पूर्ण व्यक्तिहरूलाई धन्यवाद व्यक्त गर्नुभयो। उनले भनिरहनुभयो, "यो पुल गाउँपालिकाका जनताको दैनिकीलाई सहज बनाउने मात्र नभई आर्थिक गतिविधि र सामाजिक सम्बन्धलाई समेत बलियो बनाउने महत्वपूर्ण पहल हो।"

कार्यक्रमका विशेष अतिथि गाउँपालिका अध्यक्ष टासी लामाले पुल निर्माणका लागि जग्गा उपलब्ध गराउने, श्रमदान गर्ने र अनुगमनमा संलग्न सम्पूर्ण स्थानीय उपभोक्ता, सहयोगी संस्था तथा समुदायप्रति आभार व्यक्त गर्नुभयो। उहाँले यो पुलले भौतिक रूपमा दुई ठाउँलाई जोड्ने मात्र नभई यहाँका जनताको जीवनशैली, आर्थिक गतिविधि र सामाजिक सम्बन्धमा गहिरो प्रभाव पार्ने बताउनुभयो। आगामी दिनमा पनि यस क्षेत्रको समग्र विकासका लागि यस्तै किसिमका आयोजना अघि बढाउँदै लैजाने उहाँको प्रतिबद्धता थियो। उहाँले विकासका काममा सबैको साथ र सहकार्य आवश्यक रहेको र जनप्रतिनिधि, कर्मचारी र स्थानीयको

संयुक्त प्रयासबाट मात्र विकास सम्भव हुने बताउनुभयो।

उक्त पुल निर्माणका लागि समाजसेवी निर्मल बञ्जराले पहल गर्नुभएको थियो भने पूर्वमन्त्री तामाङले बजेटको स्रोत सुनिश्चित गर्नुभएको थियो। गाउँपालिका प्रवक्ता तथा वडा नं. ६ का अध्यक्ष नारायण भट्टराईका अनुसार पुल निर्माण सम्पन्न भएसँगै तीनवटै वडाका बासिन्दालाई आवतजावतमा सहजता मिल्नेछ र स्थानीयको दैनिकी तथा सामाजिक गतिविधिमा वृद्धि हुने अपेक्षा गरिएको छ। उहाँले पुल निर्माणमा सहयोग गर्ने सबैलाई धन्यवाद दिँदै आफुहरूको निकै मेहनतपछि काम सम्पन्न

उद्घाटन समारोहमा गाउँपालिका उपाध्यक्ष सुनिता अधिकारी, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण कुईंकेल, वडा नं. ७ का अध्यक्ष सुके तामाङ, प्रशासकीय अधिकृत रामप्रसाद न्यौपानेसहित जनप्रतिनिधि, गाउँपालिका कर्मचारी, स्थानीय उपभोक्ता समिति र सर्वसाधारणको उल्लेखनीय उपस्थिति रहेको थियो।

स्थानीय बासिन्दा र सरोकारवालाले पनि पुल निर्माणलाई स्वागत गर्दै यसले यातायातको समस्या कम गरी ग्रामीण क्षेत्रको विकासमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेका छन्। स्थानीय महिला विमला तामाङले पुलको सहयोगले बालबालिकाले विद्यालय जान सहज हुने र आपतकालीन अवस्थामा अस्पतालसम्म पुग्न समेत सजिलो हुने बताउनुभयो। कृषि व्यवसायी दानबहादुर श्रेष्ठले पनि अब आनो उत्पादन सजिलै बजार पुऱ्याउन सकिने बताए।


## सार्वजनिक सूचना

१, घटना घटेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गरौं ।
२, नियमित कर तिरौं, सभ्य नागरिक बनौं
३, दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
४ विसादीरहित अर्गानिक खेती गरौं ,
 व्यवसायिक रुपमा पशुपालन गरौं ।
५ बाल साक्षरता सुनिश्चित गरौं
६ महिला हिंसा अन्त्यका लागी आआफ्नो ठाउँवाट काम गरौं ।
७ जेष्ठ नागरिकलाई उचित स्याहार सहितको सम्मान गरौं
८ घर,आँगन तथा वरपर सफा राखौं ।
९ घर वरपर फलफुलको विरुवा रोपी हरियाली वढाऔं ।
१० विभेद रहितको समाज निर्माण गरौं ।
११ सार्वजधनिक सम्पतिको संरक्षण गरौं ।

चौतारा साँगाचोकगढी नपा. -१० वडा कार्यालय, सिन्धुपाल्चोक



## सार्वजनिक सूचना

१, घटना घटेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गरौं ।
२, नियमित कर तिरौं, सभ्य नागरिक बनौं
३, दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
४ विसादीरहित अर्गानिक खेती गरौं ,
 व्यवसायिक रुपमा पशुपालन गरौं ।
५ बाल साक्षरता सुनिश्चित गरौं
६ महिला हिंसा अन्त्यका लागी आआफ्नो ठाउँवाट काम गरौं ।
७ जेष्ठ नागरिकलाई उचित स्याहार सहितको सम्मान गरौं
८ घर,आँगन तथा वरपर सफा राखौं ।
९ घर वरपर फलफुलको विरुवा रोपी हरियाली वढाऔं ।
१० विभेद रहितको समाज निर्माण गरौं ।
११ सार्वजधनिक सम्पतिको संरक्षण गरौं ।

चौतारा साँगाचोकगढी नपा. -१४ वडा कार्यालय, सिन्धुपाल्चोक

# तातोपानी नाका र अरनिको राजमार्ग सुधारको लागि सरोकारवालाबीच व्यापक छलफल

**सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका अध्यक्ष बुद्धराज बस्नेतका अनुसार कार्यक्रमको उद्देश्य तातोपानी नाका पुनःसक्रिय बनाउन आवश्यक संरचना, नीति र समन्वयका पक्षमा सरोकारवाला निकायबीच साझा दृष्टिकोण बनाउनु थियो।**

सिन्धुका सुसेली । चौतारा

तातोपानी नाका र अरनिको राजमार्गको अवस्थालाई व्यवस्थित र सुधार गर्न जिल्ला समन्वय समितिको आयोजना र सिन्धुपाल्चोक उद्योग वाणिज्य संघको समन्वयमा बुधबार एक महत्वपूर्ण छलफल कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा तातोपानी नाकासम्बन्धी समस्या, व्यापारिक चाप, भौतिक पूर्वाधार, सडक मर्मत, सुरक्षालगायत विषयमा सरोकारवाला निकायबीच गहन छलफल भएको थियो।

रसुवा नाका बन्द भइसकेको अवस्थालाई ध्यानमा राख्दै तातोपानी नाकाबाट हुने आयात-निर्यातमा सहजता ल्याउने विषयमा सहभागीहरूले जोड दिएका थिए। अरनिको राजमार्गअन्तर्गत बाह्रबिसेदेखि कोदारीसम्मको करिब २६ किलोमिटर सडक खण्डमा बाढी र पहिरोका कारण भएको क्षति र त्यसको व्यवस्थापनबारे विभिन्न निकायका प्रतिनिधिहरूले चासो व्यक्त गरे।

कार्यक्रममा नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथा पूर्वमन्त्री मोहनबहादुर बस्नेतले तातोपानी नाका पुनःसञ्चालन र सडक मर्मतमा सक्दो सहयोग रहने प्रतिबद्धता जनाए। उनले सडक तथा भन्सार सुविधाको विकास बिना व्यापारिक गतिशीलता सम्भव नरहेको र स्थानीय, प्रदेश तथा संघ सरकारले संयुक्त रूपमा पहल गर्नुपर्ने उल्लेख गरे।

बाह्रबिसे नगरपालिकाका नगरप्रमुख बालकृष्ण बस्नेत, भोटेकोसी गाउँपालिकाका अध्यक्ष पासाङ नुर्पु शेर्पा, जिल्ला प्रशासन कार्यालयका प्रमुख, तातोपानी भन्सार कार्यालयका प्रतिनिधि, सडक डिभिजन कार्यालय चरिकोटका प्रमुख, जिल्ला सुरक्षा निकायका प्रमुख तथा नेपाल हिमालय सिमापार वाणिज्य संघ, भोटेकोसी चेम्बर अफ कमर्स, नेपाल ट्रक कन्टेनर ढुवानी सेवा प्रालि लगायत विभिन्न ट्रान्सपोर्ट कम्पनीका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका अध्यक्ष बुद्धराज बस्नेतका अनुसार कार्यक्रमको उद्देश्य तातोपानी नाका पुनःसक्रिय बनाउन आवश्यक संरचना, नीति र समन्वयका पक्षमा सरोकारवाला निकायबीच साझा दृष्टिकोण बनाउनु थियो। उनले व्यापारिक गतिविधिमा सहजता ल्याउन सडक पूर्वाधार, सुरक्षाको सुनिश्चितता र भन्सार सेवा प्रभावकारी बनाउनु आवश्यक रहेको बताए।

कार्यक्रममा सहभागीहरूले तातोपानी नाकाबाट नियमित रूपमा व्यापार सञ्चालन गर्न सकिने वातावरण बनाउन सडकको स्थायी सुधार, भन्सारको स्तरोन्नति, सिमा क्षेत्रमा सुरक्षाको मजबुतीकरण र सरकारी प्रक्रिया सहज बनाउनुपर्ने माग राखे। साथै, व्यापारिक सामग्री ढुवानीमा देखिएका समस्या र त्यसको समाधानमा सरकारी र निजी क्षेत्रले मिलेर काम गर्नुपर्नेमा पनि बल दिइयो।

छलफलमा उठेका प्रमुख विषयहरूलाई दस्तावेज बनाएर सम्बन्धित मन्त्रालय र उच्च निकायमा पेश गरिने जानकारी आयोजक समितिले दिएको छ। सहभागीहरूका अनुसार यस्तो छलफलले नीति निर्माण तहमा ध्यानाकर्षण गराउन सहयोग पुऱ्याउनेछ।

तातोपानी नाका विगतदेखि नै नेपाल-चीनबीचको प्रमुख व्यापारिक मार्गका रूपमा परिचित रहँदै आएको छ। तर भौगोलिक अप्ठ्यारो, अव्यवस्थित सडक र प्राकृतिक प्रकोपले गर्दा यस नाकाको सम्भावना अनुसारको उपयोग हुन सकेको छैन। यस्ता छलफल र समन्वयले भविष्यमा यस नाकालाई पूर्णरूपमा सञ्चालनमा ल्याउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# हेलम्बुको गहना, पर्यटकको रोजाइमा पर्न थालेको ब्ल्याल्चे झरना



सिन्धुका सुसेली । चौतारा

सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गाउँपालिका-७ सुल्सिङमा अवस्थित ब्ल्याल्चे झरना पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षणको केन्द्र बन्दै गएको छ। तामाङ समुदायको मौलिक सांस्कृतिक परिवेश, हरियाली पहाड, शान्त वातावरण र हिमशृत्ताको सुन्दर दृश्यले भरिपूर्ण यो ठाउँ हाल पर्यटकीय सम्भावनाले गञ्जिएको छ।

'ब्ल्याल्चे' भन्ने शब्द तामाङ भाषा भएको र यसको अर्थ "पानी खस्ने चट्टान" भन्ने बुझिन्छ। यस नामले नै झरनाको मौलिकता र सांस्कृतिक पहिचानलाई प्रतिविम्बित गर्छ। यो झरना न केवल प्राकृतिक रूपमा सुन्दर छ, तर यसले तामाङ समुदायको पहिचान र जीवनशैलीसँग पनि गहिरो सम्बन्ध बोकेको छ। यो नामले झरनालाई अन्य स्थानहरूबाट फरक बनाउने काम गरेको छ।

काठमाडौँबाट झन्डै तीन घण्टा लामो यात्रा पछि ब्ल्याल्चे झरनासम्म पुग्न सकिन्छ। सडक विस्तारसँगै अहिले निजी गाडी, मोटरसाइकल र समूहगत टुरमार्फत पनि यो स्थान सहजै पुग्न सकिने भएको छ। ट्राफिकको भिडभाड र शहरको कोलाहलबाट टाढा रहन चाहनेहरूका लागि ब्ल्याल्चे उपयुक्त गन्तव्य बन्न थालेको छ।

ब्याल्चे झरना करिब ५० मिटर अग्लो चट्टानबाट खस्ने छरछर पानीले बनेको छ। वरिपरिको हरियाली, चिसो पानी, शान्त हावापानी र हिमाली दृश्यले यो स्थानलाई अद्भुत बनाएको छ। गर्मी मौसममा यहाँको चिसो पानीले आनन्द दिने मात्र होइन, मानसिक शान्तिको अनुभव पनि दिलाउँछ। त्यही कारण, धेरैजसो मानिस यो झरनामा आउने कारण प्राकृतिक सुस्केरा र मानसिक ताजगीको खोज हो।ब्याल्चे झरना अहिले युवापुस्ताको लागि सामाजिक सञ्जाल (जस्तैः फेसबुक, इन्स्टाग्राम, टिकटक) मा भिडियो र फोटो खिच्नको लागि उपयुक्त पृष्ठभूमि बनेको छ। झरनाको पृष्ठभूमिमा खिचिएका तस्बिरहरु सामाजिक सञ्जालमा भाइरल भइरहेका छन्। यसले गर्दा झनै धेरै मानिसलाई झरनातर्फ आकर्षित गराइरहेको छ।

पर्यटनको बढ्दो आकर्षणसँगै हेलम्बुका स्थानीय बासिन्दाहरूले होमस्टे सेवा, स्थानिय खाना तथा हस्तकला प्रदर्शनी, र गाइडिङ सेवा जस्ता नयाँ व्यवसायहरु सुरू गरेका छन्। यसले रोजगारी सिर्जना मात्रै होइन, स्थानीय उत्पादनको खपत र आर्थिक स्थायित्वमा पनि सकारात्मक असर पारेको छ।

ब्याल्चे झरना नजिकै रहेका धार्मिक र सांस्कृतिक स्थलहरु पनि पर्यटकलाई आकर्षित गर्ने थप कारण हुन्। हेलम्बु क्षेत्रमै रहेको मेलारेपा गुफा, आमायाग्री ध्यानस्थल, जय बागेश्वरी मन्दिर, गुरू रेम्पोछेले ध्यान गरेको स्थल, र हिमालयन ग्रेट ट्रेलले यो क्षेत्रलाई आध्यात्मिक तथा साहसिक पर्यटनको केन्द्रको रूपमा समेत विकास गरिरहेको छ।

स्थानीय तह, प्रदेश सरकार तथा विभिन्न गैरसरकारी संस्थाहरूको सहकार्यमा पदमार्ग स्तरोन्नति, सूचना केन्द्र स्थापनाजस्ता कार्यहरु भइरहेको छन्। झरनासम्म पुग्ने बाटोहरूको स्तरोन्नति र संकेत बोर्डहरूको व्यवस्था गरिएको छ। साथै, पर्यटकमैत्री शौचालय, विश्रामस्थल र फोहोर व्यवस्थापन जस्ता आधार भूत संरचनाहरु विस्तार हुँदैछन्।

यस्तो प्राकृतिक सम्पदाको दीगो विकासका लागि स्थानीय समुदाय सचेत हुँदै गएका छन्। फोहोरमैला व्यवस्थापन, प्लास्टिक प्रतिबन्ध, आगो नबाल्ने अभियान जस्ता कामहरूमा स्वयंसेवकहरूको सक्रियता बढेको छ। पर्यावरण संरक्षण नगरी पर्यटन दीगो बन्न सक्दैन भन्ने कुरालाई स्थानीयहरूले आत्मसात् गर्न थालेका छन्।

हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्याल्जेन शेर्पा भन्छन्, "हामीले प्राकृतिक सम्पदा संरक्षण गर्दै पर्यटनबाट आम्दानी गर्न सक्ने वातावरण बनाउँदैछौं। हेलम्बुको धार्मिक, सांस्कृतिक र प्राकृतिक विविधताले यो क्षेत्रलाई विशेष बनाएको छ।"

उनका अनुसार पर्यटन क्षेत्रको विस्तारसँगै शिक्षा, स्वास्थ्य, सडक, सञ्चार, खानेपानीजस्ता सेवामा पनि सुधार देखिन थालेको छ।

हेलम्बु क्षेत्र केवल झरना हेर्ने गन्तव्य मात्र होइन, ट्रेकिङ, पर्वतारोहण, अध्यात्मिक ध्यान र ग्रामीण जीवनशैलीको अनुभवका लागि पनि उपयुक्त छ। थुप्रै आन्तरिक र बाह्य पर्यटकले यहाँको होमस्टेमा बसेर तामाङ संस्कृतिको अनुभूति लिने गरेका छन्।यस्तो अपार सम्भावना बोकेको क्षेत्रको दीगो विकासका लागि सबै पक्षको हातेमालो जरूरी देखिन्छ। स्थानीय सरकार, संघीय सरकार, निजी क्षेत्र, गैरसरकारी संस्था र जनसमुदायको सहकार्यबाट मात्र हेलम्बु जस्तो क्षेत्रमा दीगो पर्यटन विकास सम्भव हुनेछ।

ब्याल्चे झरना केवल एउटा झरना होइन, यो हेलम्बु क्षेत्रको पर्यटन विकासको मुख्य ढोका हो। यहाँको प्राकृतिक सौन्दर्य, सांस्कृतिक गहिराइ, शान्त वातावरण र धार्मिक आस्थाको संगमले यो स्थानलाई भविष्यमा नेपालको प्रमुख पर्यटकीय गन्तव्य बनाउने सम्भावना प्रबल छ। सस्तो, सुरक्षित र शान्त गन्तव्यको खोजीमा रहेकाहरूका लागि ब्याल्चे झरना साँच्चिकै एक अनुपम उपहार हो।

# सार्वजनिक सूचना

१, घटना घटेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गरौं ।
२, नियमित कर तिरौं, सभ्य नागरिक बनौं
३, दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
४ विसादीरहित अर्गानिक खेती गरौं , व्यवसायिक रुपमा पशुपालन गरौं ।
५ बाल साक्षरता सुनिश्चित गरौं
६ महिला हिंसा अन्त्यका लागी आआफ्नो ठाउँवाट काम गरौं ।
७ जेष्ठ नागरिकलाई उचित स्याहार सहितको सम्मान गरौं
८ घर,आँगन तथा वरपर सफा राखौं ।
९ घर वरपर फलफुलको विरुवा रोपी हरि याली वढाऔं ।
१० विभेद रहितको समाज निर्माण गरौं ।
११ सार्वजधनिक सम्पतिको संरक्षण गरौं ।

**चौतारा साँगाचोकगढी नगरपालिका**
**नगर कार्यालय, सिन्धुपाल्चोक**

# सार्वजनिक सूचना

१, घटना घटेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गरौं ।
२, नियमित कर तिरौं, सभ्य नागरिक बनौं
३, दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
४ विसादीरहित अर्गानिक खेती गरौं , व्यवसायिक रुपमा पशुपालन गरौं ।
५ बाल साक्षरता सुनिश्चित गरौं
६ महिला हिंसा अन्त्यका लागी आआफ्नो ठाउँवाट काम गरौं ।
७ जेष्ठ नागरिकलाई उचित स्याहार सहितको सम्मान गरौं
८ घर,आँगन तथा वरपर सफा राखौं ।
९ घर वरपर फलफुलको विरुवा रोपी हरि याली वढाऔं ।
१० विभेद रहितको समाज निर्माण गरौं ।
११ सार्वजधनिक सम्पतिको संरक्षण गरौं ।

**भोटेकोशी गाँउपालिका**
**कार्यालय, सिन्धुपाल्चोक**

# सार्वजनिक सूचना

१, घटना घटेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गरौं ।
२, नियमित कर तिरौं, सभ्य नागरिक बनौं
३, दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
४ विसादीरहित अर्गानिक खेती गरौं , व्यवसायिक रुपमा पशुपालन गरौं ।
५ बाल साक्षरता सुनिश्चित गरौं
६ महिला हिंसा अन्त्यका लागी आआफ्नो ठाउँवाट काम गरौं ।
७ जेष्ठ नागरिकलाई उचित स्याहार सहितको सम्मान गरौं
८ घर,आँगन तथा वरपर सफा राखौं ।
९ घर वरपर फलफुलको विरुवा रोपी हरि याली वढाऔं ।
१० विभेद रहितको समाज निर्माण गरौं ।
११ सार्वजधनिक सम्पतिको संरक्षण गरौं ।

**बाह्रविसे नगरपालिका**
**कार्यालय, सिन्धुपाल्चोक**

# सार्वजनिक सूचना

१, घटना घटेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गरौं ।
२, नियमित कर तिरौं, सभ्य नागरिक बनौं
३, दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
४ विसादीरहित अर्गानिक खेती गरौं , व्यवसायिक रुपमा पशुपालन गरौं ।
५ बाल साक्षरता सुनिश्चित गरौं
६ महिला हिंसा अन्त्यका लागी आआफ्नो ठाउँवाट काम गरौं ।
७ जेष्ठ नागरिकलाई उचित स्याहार सहितको सम्मान गरौं
८ घर,आँगन तथा वरपर सफा राखौं ।
९ घर वरपर फलफुलको विरुवा रोपी हरि याली वढाऔं ।
१० विभेद रहितको समाज निर्माण गरौं ।
११ सार्वजधनिक सम्पतिको संरक्षण गरौं ।

**इन्द्रावति गाउँपालिका**
**कार्यालय, सिन्धुपाल्चोक**

# हभिर–मुडे झोलुङ्गे पुल उद्घाटन: स्थानीय आवागमनमा सहजता र समृद्धिको आशा




सिन्धुका सुसेली ।पाचपोखरी

पाँचपोखरी थाङपाल गाउँपालिका वडा नं. ४ थाङपालकोटस्थित महभिर र वडा नं. ६ थाङपालधापको लेखर्क, मुडे जोड्ने हाँडी खोलामा निर्माण गरिएको झोलुङ्गे पुलको उद्घाटन भव्य समारोहका बीच सम्पन्न भएको छ। उक्त उद्घाटन कार्यक्रममा पूर्व खेलकुद मन्त्री तथा नेकपा एमालेका नेता दावा तामाङ प्रमुख अतिथि थिए भने गाउँपालिका अध्यक्ष टासी लामाले विशेष अतिथि भएर कार्यक्रमलाई समृद्ध बनाउनु भएको थियो।

पुल उद्घाटन समारोहले स्थानीय जनजीवनमा नयाँ आशा र सुविधा ल्याउने अपेक्षा गरिएको छ। उद्घाटन गर्दै पूर्व मन्त्री तामाङले भन्नुभयो, "यो पुल निर्माणले यहाँका स्थानीय बासिन्दाको लामो समयदेखि रहेको आवागमन समस्या समाधान हुने मात्र होइन, गाउँको समग्र विकासमा पनि उल्लेखनीय योगदान पुग्नेछ। हामीले आवश्यकतालाई मध्यनजर गर्दै स्रोत जुटाएर योजना अगाडि बढाएका थियौं, आज त्यसको फल देख्न पाउँदा खुशी लागेको छ।"गाउँपालिका अध्यक्ष टासी लामाले पुल निर्माणले मात्र नभई यससँग जोडिने भौतिक संरचनाहरु जस्तै बाटो निर्माण र मर्मतसम्भारमा समेत जोड दिनुपर्ने कुरामा जोड दिँदै "पूर्वाधार निर्माणमा स्थानीय जनताको सक्रिय सहभागिता र एकताको महत्वपूर्ण भूमिका रहेको छ। यस प्रकारको विकासले हाम्रो गाउँपालिकाको सामाजिक र आर्थिक उन्नतिमा ठूलो भूमिका खेल्नेछ," भन्नुभयो।

पुल निर्माणको प्राविधिक पक्ष र प्रक्रिया

पुल निर्माण समितिका सल्लाहकार दोकदोक तामाङका अनुसार, श्री डि गौतम निर्माण सेवाले जिम्मेवारी पाएको उक्त पुल करिब ३४५ मिटर लामो झोलुङ्गे पुल हो। पुल निर्माणको प्रस्ताव दोकदोक तामाङबाट आएको थियो भने त्यसपछि गाउँपालिका अध्यक्षको नेतृत्व र पूर्व मन्त्री तामाङको पहलमा बजेटको व्यवस्था सुनिश्चित भएको वडा नं. ४ का अध्यक्ष कुलबहादुर बस्नेतले जानकारी दिनुभयो।

कार्यक्रमका अन्य वक्ताहरूले सबैको साझा सहयोग र प्रयासले मात्र यो पुल सफलतापूर्वक निर्माण सम्पन्न भएको भन्दै सहयोगी र समर्पित सबैलाई धन्यवाद व्यक्त गरेका थिए। वडा नं. ६ का अध्यक्ष तथा गाउँपालिका प्रवक्ता नारायण भट्टराईले भने, "हामीले निकै मेहनत र लगनशीलतापूर्वक यो पुल निर्माण गर्यौं। आज यसको उद्घाटनले हाम्रो गाउँपालिकाको समग्र विकासमा ठूलो योगदान दिनेछ।"

स्थानीय जनताको प्रतिक्रिया

स्थानीय बासिन्दाले पुल उद्घाटनपछि आफ्नो दैनिक आवागमनमा सहजता आउनेमा खुसी व्यक्त गरेका छन्। विमला तामाङ नाम गरेकी एक स्थानीय महिलाले भनिन्, "पहिले वर्षामा खोलापार गर्ने समयमा धेरै जोखिम हुन्थ्यो। अब यो पुल खुलेपछि बालबालिकालाई विद्यालय पुऱ्याउन, बजार जान र स्वास्थ्य सेवा लिन सजिलो हुनेछ।"

कृषक दानबहादुर श्रेष्ठले भने, "हाम्रो उत्पादन बजारसम्म पुऱ्याउन सजिलो भएको छ। यसले हाम्रो आम्दानीमा सकारात्मक प्रभाव पर्नेछ।"

समृद्धि र विकासको नयाँ सम्भावना

यो झोलुङ्गे पुलले नजिकका गाउँहरूबीचको दूरी मात्र कम गर्दैन, सामाजिक र आर्थिक सम्बन्धलाई पनि अझ सुदृढ बनाउने विश्वास छ। स्थानीय प्रशासनले यस क्षेत्रको विकासका लागि थप पूर्वाधार निर्माण, बाटो सुधार, स्वास्थ्य सेवा विस्तार र शैक्षिक अवसर वृद्धि गर्ने योजना अघि बढाइरहेको छ।

गाउँपालिका अध्यक्ष टासी लामाले "यो पुलले गाउँबीचको सम्पर्कलाई मात्र जोड्दैन, हाम्रो जनजीवनलाई सशक्त बनाउने एउटा मूल आधार तयार पार्नेछ" भन्दै आगामी दिनमा थप विकासका कार्यक्रमहरू अघि बढाउने प्रतिबद्धता जनाउनुभयो। उद्घाटन समारोहमा गाउँपालिका उपाध्यक्ष सुनिता अधिकारी, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण कुईंकेल, वडा नं. ७ का अध्यक्ष सुके तामाङ, सामाजिक विकास समितिका संयोजक, विभिन्न स्थानीय जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, पत्रकार तथा सर्वसाधारणको समेत उल्लेखनीय उपस्थिती रहेको थियो।उक्त पुल सञ्चालनमा आएपछि महभिर, मुडे, लेखर्क लगायत स्थानिय क्षेत्रका बासिन्दाहरूलाई आवागमनमा प्रत्यक्ष लाभ हुनेछ। यसले आपतकालीन सेवा, शिक्षा, स्वास्थ्य र कृषि उत्पादन बजारसम्म पुऱ्याउन समेत सहजता ल्याउने स्थानीयहरू विश्वास गर्दछन्।

महभिर-मुडे झोलुङ्गे पुलले पाँचपोखरी थाङपाल गाउँपालिकाको सामाजिक-आर्थिक विकासमा नयाँ अध्याय थप्ने अपेक्षा गरिएको छ। स्थानीय जनतामा यो पूर्वाधारको निर्माणले जीवनस्तर उकास्ने र समृद्धितर्फ अगाडि बढाउने आत्मविश्वास जागृत गरेको छ। यसप्रकारका परियोजनाहरूले ग्रामीण क्षेत्रको समग्र विकासमा महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ।


# सार्वजनिक सूचना

१, घटना घटेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गरौं ।
२, नियमित कर तिरौं, सभ्य नागरिक बनौं
३, दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।
४ विसादीरहित अर्गानिक खेती गरौं , व्यवसायिक रुपमा पशुपालन गरौं ।
५ बाल साक्षरता सुनिश्चित गरौं
६ महिला हिंसा अन्त्यका लागी आआफ्नो ठाउँवाट काम गरौं ।
७ जेष्ठ नागरिकलाई उचित स्याहार सहितको सम्मान गरौं
८ घर,आँगन तथा वरपर सफा राखौं ।
९ घर वरपर फलफुलको विरुवा रोपी हरि याली वढाऔं ।
१० विभेद रहितको समाज निर्माण गरौं ।
११ सार्वजधनिक सम्पतिको संरक्षण गरौं ।

चौतारा साँगाचोकगढी नपा. -१०
वडा कार्यालय,

# नेपालमै पहिलोपटक र्‍याफ्टिङ स्कुल सञ्चालनको तयारी : जलपर्यटनमा नयाँ युगको सुरुवात





सिन्धुका सुसेली । बलेफी

नेपालको जलस्रोत र साहसिक पर्यटन क्षेत्रलाई व्यवस्थित र शैक्षिक ढाँचामा रूपान्तरण गर्न नेपालमै पहिलोपटक 'र्‍याफिटङ स्कुल' सञ्चालनको तयारी अन्तिम चरणमा पुगेको छ। सिन्धुपाल्चोकको बलेफी गाउँपालिका-५, चनौटेस्थित भोटेकोशी नदी किनारमा निर्माणाधीन यस स्कुलले जलस्रोत, उद्धार, पर्यटन र पेसागत तालिमलाई एकैसाथ समेट्ने उद्देश्य लिएको छ।यो स्कुलले र्‍याफिटङ, जलसुरक्षा, उद्धार तथा पानीसँग सम्बन्धित साहसिक खेलहरूको अभ्यास, अध्ययन र अनुसन्धानलाई केन्द्रमा राखेर सञ्चालन गरिनेछ। साथै, यो संस्थाले नेपालभित्रको रोजगारीका साथै वैदेशिक रोजगारीका लागि दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ।

स्थापना र संरचना : १३ करोडको लगानीमा आधुनिक पूर्वाधार

पर्यटन विभागको पहल र लगानीमा स्कुल निर्माण गरिएको हो। करिब १३ करोड रूपैयाँको लागतमा भोटेकोशी नदी छेउको १३ रोपनी क्षेत्रफलमा स्कुलको संरचना निर्माण भइसकेको छ। यहाँ पाँचवटा कक्षाकोठा, एक सम्मेलन हल, तालिम हल, पौडी पोखरी, र्‍याफिटङ तालिम स्थल, प्रशासनिक भवन तथा छात्रावास सुविधा समेत समेटिएको छ।सञ्चालनको नेतृत्वमा रहेका नेपाल पर्यटन तथा होटल व्यवस्थापन समिति (नाथम) ले स्कुल सञ्चालनका लागि आवश्यक 'नेसनल ह्वाइट वाटर स्कुल कार्यविधि' तयार गरी कार्यान्वयनको चरणमा ल्याइसकेको छ। स्कुल आगामी असोज महिनादेखि सञ्चालनमा ल्याउने तयारी छ।

पाठ्यक्रम र तालिम : सैद्धान्तिक र व्यावहारिक दुवै ज्ञान

स्कुलमा दुई तहका कोर्सहरू संचालन हुनेछन् :

१. बेसिक कोर्स (६ महिने)

२. एडभान्स कोर्स (उन्नतस्तर)

बेसिक कोर्समा पानीमा सुरक्षित रहन सिकाउने, लाइफ ज्याकेट, रेस्क्यु रस्सी, बोट सञ्चालन, विपद् व्यवस्थापन आदि विषयमा आधारभूत तालिम दिइनेछ।

एडभान्स कोर्समा वाटर रेस्क्यु अपरेसन, टिम नेतृत्व, साहसिक जलक्रियाकलाप व्यवस्थापन, व्यवसायिक गाइडिङ, जलप्रवाह अध्ययन, पर्यावरणीय प्रभाव मूल्याकंन र पर्यटनसँग सम्बन्धित विधागत ज्ञान समावेश हुनेछ।

पाठ्यक्रम

विद्यालयस्तरका विद्यार्थी, युवा उद्यमी, जलक्रियाकलापप्रति रूचि राख्ने नागरिकका लागि उपयोगी हुने गरी डिजाइन गरिएको छ।

छात्र संख्यादेखि योग्यताको

मापदण्ड

सुरुमा स्कुलले १६० जना प्रशिक्षार्थीलाई भर्ना गर्ने लक्ष्य राखेको छ। तालिममा सहभागी हुन चाहनेले कम्तीमा २ वर्षको अनुभव वा पानीसँग सम्बन्धित क्षेत्रमा संलग्नता देखाउनु पर्नेछ।

उक्त शैक्षिक कार्यक्रममा स्थानीय माझी समुदाय, युवा गाइड, साहसिक खेलकुदमा करिअर खोज्ने विद्यार्थी, तथा जलस्रोत व्यवस्थापनमा लाग्ने इच्छुकहरु मुख्य लक्षित समूह हुनेछन्।

**स्थानीय समुदायको सहभागिता र लाभ**

भोटेकोशी नदी आसपासका माझी, तामाङ, शेर्पा, नेवार र अन्य समुदायहरूलाई यो स्कुलले प्रत्यक्ष फाइदा पुऱ्याउने अपेक्षा गरिएको छ। विशेष गरी माझी समुदाय नदी र डुङ्गा चलाउने परम्परागत सीप बोकेको समुदाय भएकाले उनीहरूलाई यो स्कुलमार्फत औपचारिक प्रमाणपत्र दिने कार्यले उनीहरूको पहिचान र पेसागत हैसियत बलियो बनाउनेछ।साथै, यो स्कुलको स्थापना पश्चात् स्थानीय होमस्टे व्यवसाय, ट्रेकिङ, गाइडिङ, जलक्रीडा उपकरण आपूर्ति, रेष्टुरेन्ट तथा अन्य सहयोगी सेवाहरु पनि विस्तार हुने अपेक्षा गरिएको छ।

**रोजगारी र विदेशमा अवसर**

नेपालमा हाल करिब ७ हजार ऱ्याफ्टिङ गाइड छन्। तीमध्ये धेरैले विदेशी रिभरगाइडको रूपमा काम गर्दै आएका छन्। नाथमका सूचना अधिकारी ज्ञानेन्द्रराज पण्डितका अनुसार, "नेपालमा तालिम लिएर गाइड बनेका व्यक्ति नेपालमा ३० देखि ५० हजारसम्म कमाउँछन् भने विदेशमा ३ देखि १० लाख रूपैयाँसम्म आम्दानी गर्न सक्छन्।"

हाल जापान, फ्रान्स, इटाली, स्पेन र खाडी मुलुकहरूमा रिभरगाइडको माग उच्च छ। कतिपय देशहरूले कृत्रिम खोलाहरु निर्माण गरी साहसिक जलक्रीडालाई प्रोत्साहित गरिरहेका छन्।

समन्वयको चुनौती : कसले सञ्चालन गर्ने ?यद्यपि स्कुलको संरचना निर्माण भइसकेको छ, यसको व्यवस्थापनबारे तीन तहका सरकार (स्थानीय, प्रदेश, संघीय) बीच स्पष्ट सहमति कायम भइसकेको छैन।नाथम, स्थानीय सरकार (बलेफी गाउँपालिका), बागमती प्रदेश र निजी पर्यटन व्यवसायीहरु सबैले स्कुल सञ्चालनमा सहभागी हुन चाहेको देखिन्छ। तर, नाथमको भनाइमा, "शैक्षिक कार्यक्रम व्यवस्थापन गर्ने कानुनी र प्राविधिक अधिकार हामीसँग छ। त्यसैले स्कुल संचालनमा प्रमुख भूमिका हामी खेल्न चाहन्छौं।"

समन्वय नभएमा स्कुलको सम्भाव्यता र दीगो प्रभावमा अवरोध आउन सक्ने विश्लेषकहरु बताउँछन्।

**सुरक्षा र जलस्रोत व्यवस्थापनमा योगदान**

यो स्कुलले केवल ऱ्याफिटङ गाइड उत्पादन मात्र होइन, जलप्रकोप व्यवस्थापन, उद्धार अपरेसन, जोखिम मूल्याकंन र नदी सुरक्षामा समेत महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

नेपालमा प्रत्येक वर्ष बाढी, डुबान, नदी कटान आदि कारण दर्जनौं मानिसको ज्यान जान्छ। ऱ्याफिटङ स्कुलले यस्तो अवस्थामा दक्ष उद्धारकर्मी उत्पादन गरी राष्ट्रिय विपद् व्यवस्थापनमा पनि योगदान पुऱ्याउनेछ।

**नेपालका लागि पहिलो र दक्षिण एसियाकै नमुना बन्ने लक्ष्य**

ऱ्याफिटङ क्षेत्रमा विशेष शिक्षालय स्थापना गर्ने यो प्रयास नेपालमै पहिलो हो। दक्षिण एसियामा अझैसम्म कुनै पनि देशमा यस्तो शैक्षिक संस्था स्थापना नभएकाले नेपालले यस स्कुलमार्फत क्षेत्रीय नेतृत्व लिने मौका पाएको छ।यदि सफलतापूर्वक संचालन गरियो भने, यो स्कुलले नेपाललाई साहसिक जलपर्यटनको शैक्षिक हबको रूपमा स्थापित गर्न सक्छ।

**निष्कर्ष : भविष्यको सम्भावना बोकेको पहल**

नेपालको जलस्रोत, पर्यटन र सीपमूलक शिक्षा क्षेत्रलाई समेटेर बलेफीमा सञ्चालन हुन लागेको ऱ्याफिटङ स्कुल एक दूरदर्शी योजना हो। यसको सफल कार्यान्वयनले हजारौं युवालाई रोजगारी दिने, विदेशमा सम्मानित काम दिलाउने, र देशकै जलस्रोतको सही उपयोगका लागि सशक्त जनशक्ति उत्पादन गर्नेछ।यद्यपि स्कुल संचालन, व्यवस्थापन, समन्वय र दीगो वित्तीय मोडेललाई स्पष्ट रूपले परिभाषित गर्न आवश्यक छ। संघीय, प्रदेश र स्थानीय सरकारबीच सहकार्य र एकमत कायम गर्न सके यो स्कुल नेपालको शिक्षा, पर्यटन र उद्धार प्रणालीमा ऐतिहासिक परिवर्तन ल्याउने खम्बा बन्न सक्छ।

# जुगललाई समृद्ध बनाउन सवै लागौं

लोक वहादुर विक., प्रमुख प्रशासकीय अधिकृत जुगल गाँउपालिका

**स्थानीय तहमा सुशासन र पारदर्शिता कायम गर्न प्रशासनिक पक्षबाट हालसम्म कस्ता नविन अभ्यासहरू गरिएको छ ?**

जुगल गाउँपालिकाले सर्वप्रथम सुशासन र पारदर्शिताको लागि प्रशासनिक पक्षबाट उपभोक्ता समिति पुस्तिका छापेर उपभोक्ता समितिलाई कागजी प्रक्रियामा सहज बनाएको छ । ई बिडिङ, विभिन्न सरकारी सफ्टवेयर मार्फत सेवा प्रवाह, वडामै गई बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण, सेवाग्राहीको लागि छुट्टै प्रतिक्षालय(Waiting Room), सेवा प्रवाहको मापदण्ड (SOP) लागू, कानूनी पुस्तिका छपाई तथा वितरण, सेवाग्राहीको गुनासोलाई सम्बोधन, सार्वजनिक सुनुवाई कार्यक्रम आदि नवीन अभ्यासहरू गरिएका छन् ।

**नागरिकको सेवामा प्रत्यक्ष प्रभाव पार्ने नीति र कार्यान्वयनमा कसरी सेवा प्रवाहलाई प्रभावकारी बनाइएको छ ?**

जुगल गाउँपालिकाले सेवा प्रवाहमा सरकारी प्रक्रिया, समय र लगानीलाई घटाउने तर परिणामलाई बढाउने ९Minimize Process, Time and Cost But Maximize Result) कुरालाई मुख्य नीतिको रूपमा लिई व्यहारमा पनि यो कुरालाई पालना गरि राखेका छौं । सेवा प्रवाहलाई मितव्ययी, छिटो छरितो, सहज, सरल, निष्पक्ष, जनसहभागितामूलक, पारदर्शी, जनउत्तरदायी र भ्रष्टाचार मुक्त बनाउने प्रयास भईरहेको छ ।

**३ विकास योजनाहरू तय गर्दा नागरिकका प्राथमिकता कसरी पहिचान गरिन्छ र समावेशी नीति बनाउन कुन प्रक्रिया अपनाउनुहुन्छ ?**

जुगल गाउँपालिकाले केहि ठूला योजनाहरू बाहेक अधिकांश नागरिकका दैनिक जीवनलाई सहज बनाउने, उनीहरूको जीवनमा प्रत्यक्ष परिवर्तन ल्याउने र उनीहरूलाई खुसी मिल्ने खालका साना साना योजनाहरूलाई प्राथमिकतामा राखिएको छ, जस्तै सडक, खानेपानी, मन्दिर, गुम्बा, चर्च, सेवा प्रदायक भवन, आदि योजनाहरूलाई प्राथमिकतामा राखी तीव्र गतिमा निर्माण भईरहेका छन् । शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र आयमूलक/सीपमूलक कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ । विपद व्यवस्थापन ( लिदी पहिरो प्रभावित लगायत) लाई जोड दिएका छौं । लैंगिक समानता र सामाजिक समावेशीकरणका कार्यक्रमहरू सञ्चालनमा आएका छन् ।

**बजेट निर्माणदेखि कार्यान्वयनसम्मका चरणमा कानुनी, स्रोत र समन्वयसम्बन्धी मुख्य चुनौतीहरू के देख्नुभएको छ ?**

बजेट निर्माणमा लक्षित वर्गलाई प्रतिनिधिमूलक सहभागिता गराउने कानूनी व्यवस्था रहेता पनि अभ्यासमा



भने बजेट विनियोजन चाहिँ सधैँ ओझेलमा पर्ने विषय हुन् । कानूनमा नै निश्चित प्रतिशत बजेट लक्षित वर्गलाई विनियोजन गर्ने बाध्यात्मक व्यवस्था मिलाउनुपर्छ । बजेट विनियोजन भई हाले पनि त्यसको कार्यान्वयनमा लक्षित वर्गहरू अग्रसर हुन नसक्नु आफैमा चुनौतीको विषय बन्न पुगेको छ । श्रोतको कुरा गर्नु पर्दा जुगल गाउँपालिका प्राकृतिक रूपमा धनि गाउँपालिका भएता पनि त्यसको उचित व्यवस्थापन हुन नसक्दा बजेट श्रोतमा नै असर पुऱ्याईरहेको अवस्था छ । त्यसैगरी नेपाल सरकारबाट प्राप्त हुने बजेट अनुदान पनि अनुमान गरिए भन्दा कम आउने हुँदा कार्यान्वयनमा गईसकेका योजनाहरू भुक्तानी हुन नसक्ने अवस्था छ । बजेट निर्माणलाई अनुसन्धान र आवश्यकतामा आधारित बनाउनु, जग्गा सुनिश्चत नभईकन ठूला योजनाहरू छनौट हुनु, समावेशी र

सन्तुलित बजेट निर्माण हुनु, निर्माण व्यवसायीले समयमै कार्य सम्पन्न गर्नु, उपभोक्ता समिति नाफामुखि बन्नु, स्थानीय सरकारमा अत्याधिक कामको चाप र जोखिम बढ्नु, संघ र प्रदेश सरकारका योजनाहरू कार्यान्वयन हुँदा स्थानीय सरकारलाई बेवास्ता गर्नु जस्ता चुनौतीहरू बजेट निर्माण र कार्यान्वयनमा समन्वय सम्बन्धि मूख्य चुनौतीहरू हुन् ।

**जनप्रतिनिधिहरूद्वारा प्रस्ताव गरिने टुक्रे वा वितरणमुखी कार्यक्रमहरूलाई दीर्घकालीन असर हुने योजनामा कसरी रूपान्तरण गर्न सकिन्छ ?**

स्थानीय तहमा छनौट हुने अधिकांश योजनाहरू मागमा आधारित हुन्छन् । मागमा आधारितलाई जनप्रतिनिधिहरूले आवश्यकताको पहिचान सहित त्यसको प्राथमिकिकरण गर्न सक्नुपर्दछ । टुक्रे र वितरणमुखी नै भएता पनि एउटा गाउँ/टोलमा चाहिने विकासका साझा योजनाहरूको बैंक तयार पारी क्रमश वार्षिक रूपमा अनिवार्य कार्यान्वयन हुने गरी योजनावद्ध ढंगबाट अगाडी बढ्न सके पक्कै पनि स्थानीय सरकारका टुक्रे र वितरणमुखी योजनाहरूले दीर्घकालिन असर पुऱ्याउन सक्छन् भन्ने मलाई लाग्दछ ।

**उपभोक्ता समितिहरूमा देखिएको ठेकेदारी प्रवृत्ति रोक्न र नागरिकको सक्रिय सहभागिता बढाउन प्रशासनिक पहल के छन् ?**

उपभोक्ता समितिहरूमा देखिएको ठेकेदारी प्रवृत्ति रोक्न हामीले अभिमूखिकरण, प्राविधिक निरीक्षण र अनुगमनलाई तीव्र बनाएका छौं । उपभोक्ता समितिले ठेक्कामा काम गर्न दिई नाफा खान खोज्ने प्रवृत्तिलाई नियन्त्रण गरेका छौं । नागरिकको सक्रिय सहभागिता बढाउन हामीले जनसहभागिता/जनश्रमदानलाई अनिवार्य बनाएका छौं।

**पूर्वाधारभन्दा बाहिरका सामाजिक, मानव विकास तथा शिक्षा/स्वास्थ्य जस्ता क्षेत्रमा बजेटको सन्तुलन कसरी कायम गरिएको छ ?**

पक्कै पनि जुगल गाउँपालिकाको नारा सामाजिक न्याय सहितको समृद्ध जुगल रहेको छ । तेहि भएर जुगल गाउँपालिकाले सामाजिक विकासमा सबैभन्दा बढि बजेट विनियोजन गरेको छ । त्यसपछि क्रमश भौतिक पूर्वाधार विकास, सुशासन तथा संस्थागत विकास, आर्थिक विकास र विपद व्यवस्थापनमा बजेट विनियोजन गरेका छौं ।



**स्थानीय तहमा देखिने आर्थिक अनियमितता नियन्त्रण गर्न पारदर्शिता तथा अनुगमन प्रणालीमा कस्ता सुधार गरिएको छ ?**

जुगल गाउँपालिकाले सदैव कानून सम्मत काम कारवाहीलाई बढावा दिईरहेको छ । ठूला बजेट समावेश भएका योजनाहरू विद्युतीय बोलपत्रको माध्यमबाट खरिद प्रक्रिया अगाडी बढाई कार्यान्वयनमा ल्याईएको छ । खरिदलाई एकद्वार बनाईएको छ । खर्चको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यतालाई ख्याल गरी काम गरिराखेका छौं । विचौलियाको प्रवेश निषेध छ । उपभोक्ता र निर्माण व्यवसायीबाट सञ्चालनमा ल्याईएका योजनाहरू प्राविधिक निरीक्षण र अनुगमनविना भुक्तानी गरिने छैन । जुगल गाउँपालिकामा आर्थिक प्रलोभनसँग कामको परिमाण र गुणस्तर सम्झौता हुन सक्दैन ।

**स्थानीय प्रशासनमा कार्यरत रहँदा देखिएका संरचनागत वा व्यवस्थापकीय समस्याको समाधानका लागि तपाईंकै व्यक्तिगत सुझाव के छन् ?**

संघ र प्रदेश अन्तर्गतका मन्त्रालय/कार्यालयबाट समन्वय र सहकार्य पर्याप्त हुन सकिराखेका छैनन् । संस्थागत समस्याहरूको समाधान हुने गरी जिल्ला समन्वय

समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालयको सक्रियता न्यून छ । सबै समस्याहरूको समाधान स्थानीय सरकारले नै गर्दछ भन्ने मानसिकता बढेको र बढाईएको पनि छ । स्थानीय आफैले गर्छ भनेर वा स्थानीयमै फिर्ता गरी काम पन्छाउने प्रवृत्ति बढेर गएको छ । केही समन्वय र सहकार्यको काम गर्न खोज्यो कि निहित स्वार्थ रहेको आरोप हामीले खेप्नुपरेको छ । वास्तवमा जनता र जनताका समस्या भनेका स्थानीयका मात्र हुन स्थानीय आफै एक्लैले समाधान गर्न सक्छ भन्ने भाष्य पैदा भईराखेका छन् । पुराना संघीय कानूनहरू संघीयता अनुकूल नहुँदा स्थानीय सरकारको गतिमा बाधक सिर्जना भईरहेको छन् । ४/५ आनामा सरकारी भवन(स्वास्थ्य चौकी, वडा कार्यालय) बनाउन पनि जग्गा पास प्रक्रिया झन्झटिलो र लामो छ । हामी आफै आफ्नो वार्षिक योजना र बजेट कार्यान्वयन गर्न भ्याई नभ्याई हुन्छौं, त्यही माथि बिचमा संघ र प्रदेशले आफ्नो योजना र बजेट हामी मार्फत कार्यान्वयन गराई आफ्नो प्रगति देखाउँछन्, जसले कामको भार झन् थपिदिन्छ । स्थायी कर्मचारीको अभाव छ, भएका पनि सरूवा मात्र हुन खोज्ने दुखदायी स्थिति छ ।

यसका लागि विकास र सेवा प्रवाह, जनताको हित वा आर्थिक पक्ष सबल हुने कुरामा असल नियतले काम गर्न खोज्ने स्थानीय सरकारप्रति संघ र प्रदेश सरकार सकारात्मक हुनुपर्छ । छिटो भन्दा छिटो पुराना संघीय कानूनहरू संघीयतानुकूल संशोधन हुनुपर्छ या नयाँ निर्माण हुनुपर्छ । काम पन्छाउने भन्दा समाधान दिने निकायहरूको विकास हुनुपर्छ । संस्थागत समस्या पर्दा एउटा सरकारी कार्यालयले अर्को सरकारी कार्यालयलाई शंकाले हेर्ने वातावरणको अन्त्य गर्नुपर्दछ ।

**अन्तमा, नागरिक र कर्मचारीबीचको सम्बन्ध अझै सशक्त बनाउनका लागि के सन्देश दिन चाहनुहुन्छ?**

नागरिक ( सेवाग्राही) ले आफुले कानून र प्रक्रिया मिचेर छिटो सेवा लिनको लागि कर्मचारीलाई प्रलोभनमा पार्न खोज्नु हुँदैन । कर्मचारीलाई विधि, प्रक्रिया र समय सम्मत काम गर्न दिनुपर्दछ ।

कर्मचारीले पनि कानूनी र कागजी प्रक्रिया पूरा गरी आएका सेवाग्राहीहरूलाई छिटो, छरितो, मितव्ययी र सहज ढंगबाट सेवा दिन कुनै कन्जुस्याँई गर्नुहुन्न । नागरिकले पनि भनसुन र ज्याक लगाई काम गर्न खोज्नु, कर्मचारीले पनि भनसुन र ज्याकलाई मात्र टेर्ने प्रवृत्तिको अन्त्य हुनुपर्दछ । नागरिक र कर्मचारी दुवै कानून सम्मत सेवा लिन र दिन प्रतिवद्ध हुनुपर्दछ । ( जनतापत्रवाट)



# समृद्धि यात्रामा लम्कदै छ जुगल

**नागरिकको भावना अनुरुप स्थानिय सरकारले आफनो कार्यलाई थप तिब्रता दिनुपर्ने देखिन्छ । सामाजिक न्याय सहितको समृद्ध जुगल निर्माणको सपनालाई साकार पार्न शिक्षा, स्वास्थ्य, पूर्वाधार निर्माण, कृषि, पर्यटन, खानेपानी, सिंचाई लगायतमा समान विकासको रणनीति अबलम्बन गरी कार्यान्वयनमा तिब्रता दिनुपर्छ । व्याप्त बेरोजगारी अन्त्य देखि नागरिकको हरेक समस्याहरुमा सरकार भएको अनुभुति गराई पेट पाल्नको लागि विदेश पलायन हुनुपर्ने युवाहरुको बाध्यता हटाउन स्थानीय सरकारले स्वाबलम्बी हुने वातावरण तयार गर्दै जानु पर्छ ।**



**सुरज ढकाल, योजना शाखा प्रमुख**

संघिय राजधानी काठमाडौँबाट करिव ९० कि.मि. उतरपूर्वमा अवस्थित सिन्धुपाल्चोक जिल्लाकै सबैभन्दा ठूलो स्थानीय तहको रूपमा रहेको जुगल गाउँपालिका हिमाली गाउँपालिका हो ।

प्राकृतिक सौन्दर्यता, साँस्कृतिक विविधता र समृद्ध सम्भावनाहरूले भरिपूर्ण रहेको यस गाउँपालिकाको कूल क्षेत्रफल ५९६ वर्ग कि.मि. रहेको छ भने यहाँको जनसंख्या २०७८ को राष्ट्रिय जनगणना अनुसार १८,३०३ रहेको छ ।

साविकको विभिन्न ६ वटा गा.वि.स. मिलेर बनेको यस गाउँपालिकामा बहुभाषिक, बहुसाँस्कृतिक समुदायको सहअस्तित्व रहेको र कृषि प्रधान जनजिवन भएको यस स्थानमा पछिल्लो समय नेतृत्वको संकल्प, स्थानीयको सहभागिता र सरकारको नीति तथा योजनाले विकट बस्तीको परिभाषालाई परिमार्जन गर्दै विस्तारै उन्नतीतर्फ अग्रसर हुँदै गइरहेको देख्न सकिन्छ।जसलाई संक्षिप्त रूपमा चर्चा गर्ने प्रयास गरिएको छ ।

सिन्धुपाल्चोक जिल्लाकै विकट भनेर चिनिने तेम्बाथाङ, दिपुसम्म अहिले मोटरबाटो पुगेको छ । लगभग सबै घरमा विद्युतको विस्तार भई विद्यालय र स्वास्थ्य चौकी सम्म इन्टरनेटको पहुँच पुगेको छ। काठमाडौँबाट सबैभन्दा नजिक रहेको जुगल हिमश्रृङखलासम्म पुग्नको लागि सहज गोरेटो बाटो निर्माण भएको छ भने होमस्टेहरू सञ्चालनमा आउँदै गरेको देख्न सकिन्छ ।

केही वडामा बर्षादको केही समय बाहेक सबै वडामा मोटरबाटो सञ्चालनमा रहेको पाइन्छ, जसबाट नागरिकको स्वास्थ्य, शिक्षा, व्यापार तथा कृषिमा पहुँच बृद्धि भएको छ । सबै वडाको विभन्न स्थानमा धार्मिक सम्पदाहरूको निर्माण कार्य भैइरहेको छ भने गाउँपालिकाको गौरबको योजना अन्तर्गत जुगल मिनि रंगशाला ;सिन्दुर्चे भ्यू प्वाइन्ट,मन्जुश्री पार्क निर्माण भैरहेका छन जसबाट खेलकुद र पर्यटन क्षेत्रमा छिट्टै नै परिवर्तन हुने देख्न सकिन्छ ।

गाउँपालिकामा आवसिय सुविधा सहित प्राविधिक धार सञ्चालान भएको विद्यालय १, मा.वि. सञ्चालन भएको विद्यालय १० सहित जम्मा ४५ वटा विद्यालय सञ्चालन रहेका छन् ।

जसमा गुणस्तरीय शिक्षा र शिक्षक व्यवस्थापनमा ध्यान दिदै डिजिटल शिक्षामा समेत ध्यान दिइएको पाइन्छ । स्वास्थ्य सेवामा नागरिकको पहुँच सुधार गर्न दश शैया अस्पताल निर्माण भैइरहेको देख्न सकिन्छ । स्वास्थ्य केन्द्रहरूमा जनशक्ति व्यवस्थापन, अषधि उपकरणमा ध्यान दिदै सुत्केरी सेवामा सहजता, नियमित खोप, लगायत स्वास्थ्य शिविरबाट जनस्वास्थयमा

केही परिवर्तन आएको छ ।
गाउँपालिकामा हाल स्वास्थ्य चौकी ६ वटा, सामुदायिक स्वास्थ्य इकाई ६ वटा, आधारभूत स्वास्थ्य सेवा केन्द्र १ बटा गरी १३ वटा स्वास्थ्य संस्थाहरू सञ्चालनमा रहेका छन जसबाट आम नागरिकको आधारभूत स्वास्थ्य सेवामा पहुच बृद्धि भएको छ ।

त्यस्तै कृषि पेशतर्फ नागरिकहरू आकर्षित हुँदै गएका छन् यहाँको छुर्पि र चौरीकोघ्यु अन्तराष्टिय बजारमा समेत निर्यात भैइरहेको छ । यहाँ उत्पादन भएका आलु लगायतका उत्पादनले सहज रूपमा बजारमा पहुँच पुगेको छ, जसबाट कृषि तथा पशुपालनबाट आर्थिक बृद्धिहुने देखिन्छ ।

न्यायिक समिति र मेलमिलाप केन्द्रबाट भएको प्रभावकारी विवाद समाधानले नागरिकहरूको न्यायमा पहुँच बृद्दि भएको पाउन सकिन्छ ।

विकास निर्माणमा नागरिकको सहभागिता, सार्वजनिक सुनुवाई, सार्वजनिक सेवामा सुधार, योजना छनौटमा स्थानीयको प्रथामिकता लगायतको कार्यले विकास निर्माणले गति प्रदान गरेता पनि आम नागरिकको भावना अनुरूप स्थानिय सरकारले आफनो कार्यलाई थप तिब्रता दिनुपर्ने देखिन्छ । सामाजिक न्याय सहितको समृद्ध जुगल निर्माणको सपनालाई साकार पार्न शिक्षा, स्वास्थ्य, पूर्वाधार निर्माण, कृषि, पर्यटन, खानेपानी, सिंचाई लगायतमा समान विकासको रणनीति अबलम्बन गरी कार्यान्वयनमा तिब्रता दिनुपर्छ । व्याप्त बेरोजगारी अन्त्य देखि नागरिकको हरेक समस्याहरूमा सरकार भएको अनुभुति गराई पेट पाल्नको लागि विदेश पलायन हुनुपर्ने युवाहरूको बाध्यता हटाउन स्थानीय सरकारले स्वाबलम्बी हुने वातावरण तयार गर्दै जानु पर्छ ।

हिजोको भन्दा आजको जुगल निश्चित रूपमा समृद्ध हुंदै गएको छ, गाउँबस्तीमा विकासको सुगन्ध पुग्न  थालेको छ, तर पर्याप्त छैन । समयको परिवर्तन र नागरिकको अपेक्षा अनुसार विकासको गतिलाई तीब्र बनाउँदै स्थानीय स्रोतको अधिकतम उपयोग र योजनाबद्ध कार्यान्वयन मार्फत स्थायी समृद्धिको लागि स्थानीय सरकारले थप अग्रसरता लिनुपर्छ। तीन तहको सरकारबीचको समन्वय र सहकार्यमा नागरिकको सहभागिता र साझेदार संस्थाहरूको समेत सक्रियता मार्फत उज्यालो र समृद्ध जुगलको निर्माणमा हामी सबैले हातेमालो गर्न जरूरी छ ।


## सार्वजनिक सूचना

**१, घटना घटेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गरौं ।**
**२, नियमित कर तिरौं, सभ्य नागरिक बनौं**
**३, दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं ।**
**४ विसादीरहित अर्गानिक खेती गरौं , व्यवसायिक रुपमा पशुपालन गरौं ।**
**५ बाल साक्षरता सुनिश्चित गरौं**
**६ महिला हिंसा अन्त्यका लागी आआफ्नो ठाउँवाट काम गरौं ।**
**७ जेष्ठ नागरिकलाई उचित स्याहार सहितको सम्मान गरौं**
**८ घर,आँगन तथा वरपर सफा राखौं ।**
**९ घर वरपर फलफुलको विरुवा रोपी हरियाली वढाऔं ।**
**१० विभेद रहितको समाज निर्माण गरौं ।**
**११ सार्वजधनिक सम्पतिको संरक्षण गरौं ।**

**मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक**

# जुगल गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत नीति तथा कार्यक्रम, योजना र बजेटको प्रगती समिक्षा

**आय व्यय**:

यस जुगल गाउँपालिकाको चालु आ.व.२०८१/०८२ को कुल बार्षिक बजेट रु.६१,७८,१५,८८९।- ( ६१ करोड ७८ लाख १५ हजार ८ सय उनानब्बे रुपैया मात्र) रहेको थियो।जसमा चालु बजेट तर्फ रु.३७,८८,३०,८८९।- (३७ करोड ३३ लाख ३० हजार ८ सय उनानब्बे रुपैया ) विनियोजन भएकोमा जम्मा ३५,८५,२५,१४३।२१ आम्दानी भएको र आम्दानी अनुसार ८९.४३% खर्च भएको छ भने पुँजीगत बजेटतर्फ रु.२३,८९,८५,०००।- (२३ करोड ८९ लाख ८५ हजार रुपैया) विनियोजन भएकोमा जम्मा २२,१३,८८,५९६।४४ आम्दानी भएको र आम्दानी रकम अनुसार जम्मा ८१.५५% खर्च भएको छासमग्रमा कुल आय रकमको ८६.४२% खर्च भएको छा

**१.सुशासन तथा सार्वजनिक सेवा प्रवाहतर्फ**:

**(क) सार्वजनिक सेवा**:

१. सहायता/सोधपुछ कक्ष तथा प्रतिक्षालयको (waiting room) व्यवस्था गरिएको छा

२. गाउँपालिकाको आफ्नै सेवा प्रवाहको मापदण्ड (SOP) लागू गरिएको छ ।

३. स्थानीय तह वित्तीय सुशासन जोखिम मुल्याकंनमा गाउँपालिकाले कुल १०० पूर्णाकंमा ९८ ( अन्ठानब्बे) अंक प्राप्त गरेको र स्थानीय तह संस्थागत क्षमता स्वमूल्याकंनमा कुल १०० पूर्णाकंमा ९९।५ अंक प्राप्त गरेको छ ।

४. जुगल भ्यू पोइन्ट तथा साँस्कृतिक केन्द्रमा अनावरणको लागि म्यानमारबाट जुगल गाउँपालिकालाई उपहार स्वरुप बहुमुल्य जेट स्टोनबाट बनेको ञबचदभि क्ष्ततष्लन द्यगममजब प्राप्त भएको छ ।

५. जुगल गाउँपालिका र गाउँपालिका भित्र निर्माणाधिन हाईड्रोपावरहरुसँग समन्वयात्मक बैठक गाउँपालिकाको हितमा ६ बुँदे निर्णय भएको छ ।

६. यो वर्ष १६८ वटा योजनाहरू उपभोक्ता समितिबाट कार्यान्वयन भएका छन् भने बोलपत्रबाट ९ वटा र कोटेसनबाट १८ वटा कार्यान्वयन भएका छन् ।

७. यो वर्ष नयाँ कार्यको रूपमा ३ वटा खानेपानी मुहान दर्ता र ३ वटा नविकरण गरिएको छ ।

८. सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी, मितव्ययी, सरल, सहज र सेवाग्राहीमैत्री बनाईएको छ ।

**(ख) व्यवसाय दर्ता तथा राजश्व संकलन** :

१. आ.व २०८१।०८२ सम्म जम्मा ३०० वटा व्यवसायहरु दर्ता भई सञ्चालनमा रहेका छन्।
चालु आ.व.को श्रावण देखि हाल सम्ममा जम्मा १८ वटा नयाँ व्यवसायहरु दर्ता भएका छन् भने ६७ वटा व्यवसायहरु नविकरण भएका छन् । यो वर्ष नयाँ ४ वटा घ वर्ग ईजाजत पत्र प्रदान गरिएको छ भने पूराना घ वर्ग ईजाजत पत्र ६१ वटा छन् जसमध्ये ४७ वटाले नविकरण गरिसकेका छन् ।

२. चालु आ.व.मा आन्तरिक आय तर्फ रू २ करोडको राजश्व अनुमान गरिएकोमा ५३.३४ प्रतिशत मात्र राजश्व संकलन भएको छः-

| क्र.सं. | कार्यालय | जम्मा रकम | कैफियत |
|---|---|---|---|
| १. | गाउँपालिका | ८२,६१,७८८।२६ | ८२ लाख ६१ हजार ७ सय ८८ रूपैयाँ |
| २. | वडा नं.१ सेलाङ | २४६०२०।३५ | २४ लाख ५ हजार ४ सय ३२ |
| ३. | वडा नं.२ गोल्चे | ४१३५०३।३२ | |
| ४. | वडा नं.३ गुम्बा | ४०६९४८।४० | |
| ५. | वडा नं.४ पाङताङ | ४१२४७८।३३ | |
| ६. | वडा नं.५ बराम्ची | ४१४१०६।९२ | |
| ७. | वडा नं.६ हगाम | २७३६३०।११ | |
| ८. | वडा नं.७ याङ्लाकोट | २३८७४४।५३ | |

| जम्मा | १०६६७२२०।२२ | १ करोड ६ लाख ६७ हजार २ सय २० रूपैयाँ २० पैसा मात्र | |
|---|---|---|---|

(ग) कानून निर्माणः

| क्र सं | कानून | गत वर्षसम्म | यस वर्ष | जम्मा |
|---|---|---|---|---|
| १ | ऐन | २० | २ | २२ |
| २ | नियमावली | ५ | ० | ५ |
| ३ | कार्यविधि/मापदण्ड/ निर्देशिका | ४४ | ५ | ४९ |

(घ) सञ्चार तथा सूचना प्रविधिः

१. गाउँपालिकाको सेवा प्रवाहलाई थप छिटो छरितो बनाउन वेभसाइट, फेसबुक, ईमेल, लेखा व्यवस्थापन प्रणाली, जिन्सी व्यवस्थापन प्रणाली, ई-सिफारिस प्रणाली, ई बिडिङ, योजना व्यवस्थापन प्रणाली, न्यायिक समिति मुद्दा दर्ता प्रणाली, ग्रुप एस.एम.एस लगायत शिक्षा, स्वास्थ्य, कृषि व्यवस्थापन प्रणालीको प्रयोग भईरहेको छ।

२. सामाजिक विकास तर्फः

(क) शिक्षा, युवा तथा खेलकुदः

१. १ जना खेलकुद शिक्षकको व्यवस्था गरिएको छ ।

२. एक विद्यालय एक कम्प्युटर कार्यक्रम अन्तर्गत ९ ओटा विद्यालयलाई डेस्कटप र प्रिन्टर हस्तान्तरण गरिएको छ।

३. गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, शिक्षक भलिबल तथा गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप सम्पन्न गरिएको छ।

४. १८ वटा विद्यालयको सुपरीवेक्षण तथा अनुगमन र नियमन गरिएको छ।

५. २३ जना विपन्न तथा जेहेन्दार विद्यार्थीहरुका लागि अध्यक्ष शैक्षिक कोष मार्फत छात्रवृत्ति वितरण गरिएको छ ।

६. १० वटा विद्यालयमा घेराबार/छाना मर्मत/चौर सम्याउने कार्य सञ्चालनमा छन् ।

७. ३३ जना शिक्षकहरूलाई क्ष्ऋत तालिम, ३० जनालाई क्षमता विकास र ३० जनालाई विषयगत शिक्षक तालिम सञ्चालन गरिएको छ।

८. ४० जनाले शिक्षक सेवा आयोग तयारी अनलाईन कक्षा लिईरहेका छन् ।

९. सबै विद्यार्थीहरूलाई वार्षिक शैक्षिक योजना सहितको शैक्षिक क्यालेन्डर वितरण गरिएको छ ।

१०. बागमती प्रदेश सरकार अन्तर्गत सामाजिक विकास कार्यालयको आर्थिक सहयोगमा ३० जना शिक्षकहरूलाई जुगल साँस्कृतिक प्रशिक्षण कार्यक्रम प्रदान गरिएको छ।

(ख) महिला, बालबालिका, जेष्ठ नागरिक तथा लक्षित वर्गः

१. यो वर्ष ६ जना थप भई हालसम्म १९३ जनालाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिएको छ।

२. यो वर्ष ४ जना थप भई हालसम्म १८५ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरिएको छ।

३. जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि अपाङ्गता भएका व्यक्तिहरुको मुलप्रवाहीकरण सम्बन्धी एक दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

४. शारिरीक अपाङ्गता भएका बालबालिकाहरुको स्वास्थ्य उपचार, शल्यक्रिया तथा पुनर्स्थापनाका लागि अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपासँग रु ५००००० को द्विपक्षीय सम्झौता भई हाल ७ जना बालबालिकाले सेवा पाईसकेका छन् ।

५. १४६ जना पूर्ण र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुलाई न्यानो झोला वितरण गरिएको छ ।

६. ३० जना महिलाहरुले नेतृत्व सीप विकास तालिम लिन सफल भएका छन् ।

७. महिला सशक्तिकरण तथा बालबालिका उत्थान समाजसँगको सहकार्यमा दुई दिने निःशुल्क दन्त शिविर कार्यक्रममा ७८५ जना लाभाम्वित भएका छन् ।

८. शिक्षिकाहरू मार्फत किशोरीहरूलाई आत्मरक्षाको लागि तयारी गराउने उद्देश्यले २० जना शिक्षिकाहरूलाई ३ दिने आत्मरक्षा तालिम प्रदान गरिएको छ ।

९. राष्ट्रपति महिला सशक्तिकरण परियोजना अन्तर्गत जीविकोपार्जन सुधार कार्यक्रमको लागि जुगल २ को हिमाली महिला बचत तथा ऋण सहकारीका २५ जना महिला लाभान्वित भएका छन् ।

१०. गाउँपालिकालाई लैंगिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउनका लागि न्भक्ष ब्मक्ष्त गरिएको छ ।

११. बालविवाह अन्त्यका लागि जुगल गाउँपालिका भित्र रहेका १० वटा मा वि विद्यालयका ११९४ जना छात्रा छात्र को सहभागितामा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिएको छ ।

१२. बालमैत्री स्थानीय तह घोषणा प्रोत्साहनका लागि पहिलो चरणको अभिमुखिकरण कार्यक्रम वडा नं ७ मा

सञ्चालन गरिएको छ ।

१३. किशोरीहरुलाई महिनावारी शिक्षा तथा सरसफाई सम्बन्धी अभिमुखिकरण कार्यक्रम जुगल गाउँपालिका भित्र हरेका १० वटा मा वि विद्यालयहरुमा ७५० जना किशोरीहरुलाइ प्रदान गरिएको छ ।

(ग) स्वास्थ्यः

१. मृगौला प्रत्यारोपण, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका जम्मा ३२ जना बिरामीहरुलाई मासिक रू ५००० का दरले उपचार खर्च पाईरहेका छन् ।

२. सबै वडाहरुमा ६-१० कक्षासम्मका छात्राहरु र १०-१४ वर्ष सम्मका विद्यालय नजाने किशोरीहरुलाई एच.पी.भी. खोप अभियान ९७.३४% प्रगति हाँसिल गर्ने गरी सम्पन्न भएको छ।

३. १७ जना विपन्न तथा असहाय रोगी व्यक्तिहरुलाई औषधि उपचार सहायता खर्च तथा ३ जना विपदमा परेकालाई रू २५ हजारका दरले आर्थिक सहायता प्रदान गरिएको छ ।

४. यो वर्ष किशोरीहरूको लागि जम्मा ६,४८० सेनिटरी प्याड निशुल्क वितरण गरिएको छ ।

५. सुत्केरी तथा अति विपन्नहरूको लागि एकतर्फी निशुल्क एम्बुलेन्स सेवा अन्तर्गत ८ जना असक्त, ४ जना विपन्न,३४ जना सुत्केरी गरी ४६ जनाले निशुल्क एम्बुलेन्स सेवा प्राप्त गरेका छन् भने ७ जनाले सुत्केरी यातायात खर्च सेवा प्राप्त गरेका छन्।

६. स्वास्थ्य चौकी तथा आधार भूत स्वास्थ्य सेवा केन्द्रको न्युनतम सेवा मापदण्ड कार्यक्रमको अनुगमन तथा सुदृढिकरण कार्यक्रम सम्पन्न भएको छ ।

७. सबै स्वास्थ्य संस्थाहरुमा आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि आवश्यक औषधिजन्य मालसामान तथा कर्मचारीहरूको व्यवस्थापन भइसकेको छ।

८. जुगल गाउँपालिका र जनस्वास्थ्य कार्यालय, सिन्धुपाल्चोकको संयुक्त आयोजनामा समुदायमा एयचतबदभि ह-च्बथ धष्तज ब्क्ष को प्रयोगद्वारा एक दिने क्षयरोग खोजपड्ताल कार्यक्रममा महिला १०८ जना र पुरुष ८४ जना गरि जम्मा १९२ जनाले सेवा प्राप्त गरेका छन् जसमध्ये महिला ९ जना र पुरुष १३ जना गरि जम्मा २२ जनाको खकारको नमुना संकलन भएकोमा सबै खकार परिक्षणको नतिजा नेगेटिभ (-खभ) देखिएको छ ।

९. पूर्ण खोप सुनिश्चितता र दिगोपनाका लागि स्वास्थ्यकर्मीहरुबाट ७ वटै वडामा घरधुरी सर्वेक्षण कार्य सम्पन्न भई गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता प्रमाणिकरण घोषणा गरिएको छ ।

१०. गर्भवती महिलाहरुले नियमित गर्भ जाँच गरेबापत १ क्रेट अण्डा र संस्थागत सुत्केरी गरेबापत १ माना घिउ वितरण गर्ने कार्यक्रम अन्तर्गत १५२ जना लाभान्विभत भएका छन् ।

११. जुगल गाउँपालिका र जनस्वास्थ्य कार्यालय, सिन्धुपाल्चोकको संयुक्त आयोजनामा प्रजनन् स्वास्थ्य रुग्णता स्क्रिनिङ तथा व्यवस्थापन सम्बन्धि निःशुल्क शिविर याङ्लाकोट आधारभूत स्वास्थ्य सेवा केन्द्रमा सञ्चालन भएकोमा जम्मा ६५ जना सेवाग्राहीहरु मध्ये १० जना पोजिटिभ (+खभ) देखिएका छन् भने हगाम स्वास्थ्य चौकीमा चाँहि जम्मा ५६ जना सेवाग्राहीहरु मध्ये ७ जना पोजिटिभ (+खभ) देखिएका छन् ।

पोषण तर्फ

१. २४४ जना गर्भवती र सुनौला हजार दिनका आमाहरुको सहभागितामा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

२. सात वटै वडाहरुको ३४५ जनाको सहभागीतामा हरेक बार खाना चार सम्बन्धि पोषण नाङ्लो प्रर्दशन कार्यक्रम सन्चालन गरि ११५ जना सुनौलो हजार दिनका आमाहरुलाइ विभिन्न थरिका विउविजन समेत वितरण गरिएको छ ।

३. जुगल गाउँपालिकाको ६ वटा वडाहरुका २०९ जना सुनौला हजार दिनका आमाहरु जनप्रतिनिधि स्वास्थकर्मी शिक्षक पोषण समिति महिला स्वास्थ्य स्वयंसेविका आमासमुको सहभमगितामा पोषण सुधारका लागि जनचेतनामुलक जस्तै पोषिलो जाउलो कार्यक्रम बालबालिकाको लागि र्सवतम पिठो बनाउने तरीका, फर्सिको खिर आदि बनाउन र साथै थप खाना सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

४. ६३ वटा पोषण कर्नर फ्लक्स जुगल गाउँपालिका भित्र रहेका विद्यालय वडाकार्यालय र स्वास्थ्य संस्थाहरुमा राखिएको छ भने १६३ वटा पोषण सन्देश कार्ड गर्भवती र सुनौलो हजार दिनका आमाहरुलाइ वितरण गरिएको छ ।

५. पोषण मैत्री गाउँपालिका घोषणा कार्यक्रम, पोषण मैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम र पोषण सन्देशमूलक कार्यक्रम सम्पन्न भएको छ ।

६. दिवा खाजा कार्यक्रमलाइ व्यवस्थित गर्नका लागि नमुनाका रुपमा श्री रत्न राज्य मा वि मा १ वटा फलामे टनेल निर्माण तथा विद्यालयमा

करेशाबारी स्थापना गरिएको छ ।

७. पोषण मैत्री स्थानीय शासन प्रवर्द्धन अभिमुखीकरण कार्यक्रम संचालन भएको छ ।

८. २३७ जना गर्भवती र सुनौला हजार दिनका आमाहरुको सहभागितामा पोषण केन्द्रित कार्यक्रम सम्पन्न भएको छ ।

जुगल ग्रामीण आँखा केन्द्रः

१. गाउँपालिकाद्वारा सञ्चालन गरिएको निःशुल्क आँखा शिविर कार्यक्रमबाट ३८७ जनाले लाभ लिएका छन् । त्यसैगरी नेपाल नेत्रज्योती संघले ७७ जनाको निशुल्क रूपमा मोतिविन्दु शल्यक्रिया गरिदिएको छ ।

२. जुगल ग्रामीण आँखा केन्द्रबाट हालसम्म १६८ महिला र १४८ जना पुरुष गरी जम्मा ३१६ जना सेवाग्राहीले सेवा प्राप्त गरेका छन्।

३. जुगल गाउँपालिकाको आयोजनामा जुगल ग्रामिण आँखा केन्द्रले बिद्यालय आँखा शिविर संचालन हुदा १९६ जनाले सेवा प्राप्त गरेका छन्।

४. स्वास्थ्यकर्मीहरु १२ जना, बिद्यालय शिक्षक र बिद्यालय नर्स हरु १४ जना र महिला स्वास्थ्य स्वयं सेविकाहरु ३४ जना गरी जम्मा ६० जनालाई आँखा सम्बन्धी सामुदायिक तालिम प्रदान गरिएको छ।

५. जुगल ग्रामिण आँखा केन्द्रबाट हाल सम्म रेफर भएर आएका ३७ जना बिद्यार्थीको निशुल्क जाँच गरिएको छ।

(घ) सामाजिक सुरक्षाः

हालसम्म पूराना २३९९ जना र यो वर्ष नयाँ थप १६१ जना गरी जम्मा २५६० जना लाभग्राहीहरू सामाजिक सुरक्षा भत्तामा आवद्ध छन् । यो वर्ष सामाजिक सुरक्षा तर्फ कुल रू १० करोड ८९ लाख ३८ हजार १३१ रूपैयाँ प्रहरी, बैंक कर्मचारी र गाउँपालिका कर्मचारीहरूको उपस्थितामा वडा कार्यालय मार्फत वितरण गरिएको छ।

(ङ) जीवन बीमाः

४३ जना सशस्त्र द्वन्द्वमा ज्यान गुमाएका परिवार वा घाइते व्यक्ति तथा अति विपन्न परिवारहरूको लागि १ लाखको जीवन विमा गरिएको छ । हाल १ जनाले विमा दावी बापत रू १ लाख प्राप्त गरिसक्नु भएको छ ।

३. आर्थिक विकासतर्फः

(क) कृषि विकासः

१. १० वटा माध्यामिक विद्यालयहरुसँगको साझेदारीमा च्याउ खेती कार्यक्रममा विद्यार्थीहरुलाई कन्ये च्याउ खेति प्रविधि सिप सिकाउने कार्य सम्पन्न भएको छ ।

२. किनी खाने होईन बेचीखाने गाउँपालिका बनाउने कार्यक्रम अन्तर्गत २ वटा फर्मसँगको साझेदारीमा ७/७ रोपनी क्षेत्रफलमा मल्चिङ प्लाष्टिक सहित अकबरे खुर्सानी खेती र फलामे टनेल निर्माण गरिएको छ।

३. सामुयिक तथा व्यवसाहिक उप्पादन साझेदारी कार्यक्रम अन्तर्गत ९ वटा कृषि तथा पशुपालन फर्मद् बारा किँवि, ओखर, सुन्तला र तरकारी खेतीमा घेरावार निर्माण तथा १ वटा सिँचाई ट्याङ्की र एउटा टनेल निर्माण गरिएका छन्।

४. किसान सुचिकरण कार्यक्रम अन्तर्गत यस आ.व. मा ८५५ घरधुरीको तथ्याङ्क प्रविष्टको कार्य भएको सम्पन्न भएको छ ।

५. ३ दिने मौरीपालन तालिममा १५ जना सहभागीलाई सेरेना जात मौरीसहितको आधुनिक घार प्रदान गरिएको छ।

६. रासायनिक मलको लागि ३ वटा सहकारीहरुलाई ६०ेत. यूरीया र ६.५ ेत. डि.ए.पि. खरिद तथा बिक्री वितरणका लागि कोटा निर्धारण गरी हाल सम्म तीनै वटा सहकारीहरुले मल वितरण गरिएको छ।

७. आलुबाली विकास केन्द्र, निगालेको आयोजनामा स्थलगत अगुवा कृषक आलु उत्पादन प्रविधि तालिम जुगल-३ मा सञ्चालन गरिएको छ।

८. जुगल-६ हगाममा ३५ जना कृषकहरुलाई टनेला खेती, नर्सरी/ब्याड व्यवस्थापन, थोपा सिँचाई तथा झोलमल सम्बन्धी ३ दिने तालिम दिइएको छ।

९. जुगल-३ का ४० जना कृषकहरुलाई स्थलगत कन्ये च्याउ खेती सम्बन्धी तालिम तथा विउ वितरण गरिएको छ।

(ख) पशु सेवाः

१. सामुयिक तथा व्यवसाहिक उप्पादन साझेदारी कार्यक्रम अन्तर्गत ११ वटा कृषि तथा पशुपालन फर्मसँग साझेदारीमा बाख्रा खोर, बंगुर खोर, घेरावार तथा खानेपानीको व्यवस्था गरिएको छ।

२. नयाँ बाख्रा पकेट कार्यक्रम अन्तर्गत ३ वटा कृषि तथा पशुपालन समूह तथा सहकारीसगँ साझेदारीमा ३५ वटा नयाँ बाख्रा खोर निर्माण साथै ६ वटा वोयर जातको बोका वितरण गरीएको छ।

३. चौंरिपालन व्यवसायको चरन खर्क सुधार तथा घुम्ती गोठ निर्माण कार्यक्रम अन्तर्गत ६वटा घुम्ती गोठ ५० प्रतिशत लागत साझेदारीमा निर्माण गरिएको छ।

४. ८० माउ भेडा बाख्रा भन्दा बढी पालन गर्ने कृषकको लागि साझेदारीमा १ वटा घुम्ती गोठ निर्माण गरिएको छ।

५. आधुनिक पशुपालन तालिम

अन्तर्गत ८० जना बाख्रा पालक कृषकलाई आधुनिक खोर निर्माण गर्ने तरिका सिकाइएको छ।

६. पशुपन्छीमा लाग्ने विभिन्न रोग (निमोनिया ,रुघाखोकि, ज्वरो, मिल्क फिवर आदि) को परामर्श, उपचार तथा रोकथाम गरिएको छ साथै विभिन्न माहामारीजन्य रोग विरुद्धको २५,३०० वटा खोप लगाईएको छ।

७. बाख्रा प्रवर्द्धन कार्यक्रम अन्तर्गत वडा नं. ६ मा ३० प्रतिशत साझेदारीमा वोयर जातको प्रजन्न योग्य २१ वटा बोका वितरण गरिएको छ ।

८. पशुपालन प्रवर्द्धन कार्यक्रम अन्तर्गत वडा नं. १ र ५ मा ५० प्रतिशत साझेदारीमा उन्नत जातको १४ वटा पाडापाडी वितरण गरिएको छ।

९. किनी खानको लागी होइन बेची खानको लागि उत्पादनको अनुदान कार्यक्रम अन्तर्गत ५ वटा कृषि तथा पशुपालन फर्म ,आमा समूहलाई साझेदारीमा कुखुरा खोर, बाख्रा खोर, बंगुर खोर तथा भैँसी गोठ निर्माण गरिएको छ।

१०. पशु सेवा तालिम केन्द्र, लगनखेलको समन्वयमा कृषकस्तर १ हप्ते व्यवसायिक चौरीपालन तालिम क्याङसिङमा २५ जना कृषकलाई प्रमाणपत्र सहित सिप हस्तान्तरण गरिएको छ।

११. बागमती प्रदेशद्बारा समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रममा बालीवस्तुतर्फ चौरी व्यवसाय जुगल-३ अन्तर्गत साझेदारीमा (प्रदेशःस्थानीय तहःकृषक, ६०:२०:२०) औषधी, ४६ वटा सोलार प्यानल, ९२ रेन कोट, ४६ छुर्पि प्रेस मेशिन, ४६ क्यान लगायतका अन्य सामाग्री वितरण गरिएको छ।

१२. पशु सेवा कार्यलय, धुलिखेलको आर्थिक सहयोगमा मागमा आधारित कार्यक्रम अन्तर्गत भैँसी गोठ सुधार तथा भैँसी वितरण गरिइको छ।

(ग) श्रम तथा रोजगारः

१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८१/०८२ संघिय सरकारले युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालन (आई.डि.ए. ) रोजगारी सृजना रु. २७,२०,०००/- र रोजगारी सृजना (नेपाल सरकार) रु.२०,७४,०००/- गरी जम्मा रु.४७,९४,०००/- (सत्चालिस लाख चौरानब्बे हजार) साथै गाउँपालिकाबाट रोजगार कार्यक्रम साझेदारीका लागि विनियोजन गरेको रकम रु.२०,०००,००/- र वडा नं. ७ ले निर्माण सामाग्री खरिदका लागि विनियोजन गरेको रु.३,००,०००।- गरी जम्मा रु. ७०,९४,०००/-(सत्तरी लाख चौरानब्बे हजार) बाट १८ वटा योजनाहरु सञ्चालन भई कार्य सम्पन्न भएका छन् ।जस अन्तर्गत आ.व. २०८१/०८२ का लागि सूचिकृत कुल ९१६ जना (४८९ पुरुष, ४२७ महिला) व्यक्तिहरु मध्ये ७९ जना व्यक्तीले कुल ७००६ दिन कार्यसम्पादन गरेकाले ५० लाख १६ हजार २ सय ९६ रुपैया ज्याला वितरण गरीएको छ ।

२. आ.व. २०८१/०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संघिय सरकारले उपलब्ध गराएको कुल बजेट रु.७२,०७,०००/- मध्ये रु.७०,७३,२०२/- खर्च भएको छ समग्रमा रोजगार कार्यक्रममा ९८.१४% बजेट खर्च भएको छ ।

३. आ.व. २०८२/०८३ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन गरिने सार्वजनिक विकास निर्माणका योजनाहरुमा काम गर्न इच्छुक ३३१ जना (१६५ जना पुरुष र १६६ जना महिला) बेरोजगार श्रमिकहरुको विवरण व्यवस्थापन सुचना प्रणालिमा प्रविष्ट गरिएको छ ।

४. रोजगार शाखा मार्फत् श्रमिक अभिमुखीकरण, सुरक्षित बैदेशिक रोजगारीका लागि अभिमुखिकरण कार्यक्रम, श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी सचेतनामुलक कार्यक्रम,रोजगार सम्वाद मञ्च लगाएतका कार्यक्रमहरु सम्पन्न गरिनुका साथै रोजगार रणनीति तर्जुमाका लागि सरोकारवालाहरुको धारणा संकलन गरि जुगल गाउँपालिकाको रोजगार रणनीति २०८१ तयार गरिएकोछ ।

५. वैदेशिक रोजगार बोर्डले उपलब्ध गराउने कल्याणकारी सेवा प्रवाह गर्ने क्रममा ६ जना व्यक्तीहरुको पुनः श्रम स्विकृती गरिएको छ भने ५ जनाको उद्धार तथा खोजिमा सहजिकरण गरिएको छ साथै २ जनालाई शैक्षिक छात्रवृत्तिका लागि सिफारीस गरीएको छ ।

६. यो वर्ष ९१६ जना श्रमिकहरू प्रधानमन्त्री रोजगार कार्यक्रममा आवद्ध छन् ।

७. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १८ वटा योजनाहरुको सम्झौता भइ कार्य अगाडी बढाईएकोमा हालसम्म ४ वटाको भुक्तानी भैसकेको छ ।

८. श्रमिक अभिमुखिकरण कार्यक्रम, श्रमको सम्मान राष्ट्रको अभियान, स्थानीय तहको रोजगार रणनीतिक योजना तर्जुमा सम्बन्धी सरोकारवालाहरुको धारणा संकलन सम्बन्धी छलफल कार्यक्रम र रोजगार संवाद मञ्च लगाएतका कार्यक्रमहरु सम्पन्न गरिएको छ।

(घ) उद्यम विकासः

१. घरेलु महासंघको साझेदारीमा

जुगल ६ हगामका २९ जना उद्यमीलाई उद्यमशीलता तालिम प्रदान गरिएको छ ।

२. जुगल ६ हगामकै ३५ जना उद्यमीलाई एडभान्स तरकारी व्यवसाय सिप तालिम प्रदान गरिएको छ ।

३. बाँसखर्क र कात्तिकेमा गरी जम्मा ३७ जनालाई गलैँचा सिप विकास तालिम र प्रविधि हस्तान्तरण गरिएको छ ।

४. उद्यमीहरूको २० प्रतिशत लागत साझेदारीमा जुगल ६ हगाममा थोपा सिँचाई पाईप,टनेल प्लास्टिक,स्प्रे ट्याङ्की,सिचाई पाईप र ड्रम हस्तान्तरण गरीएको छ । यो कार्यक्रमबाट ३६ जना उद्यमीहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् ।

५. २० जना यूवाहरूले ३९० घण्टे वारिष्टा तालिम लिएका छन् ।

६. गाउँपालिकाबाट यो वर्ष ८२ जना नयाँ उद्यमीहरू सिर्जना भएका छन् ।

(ङ) पर्यटन तथा धर्म संस्कति ः

१. जुगल पर्यटन क्षेत्रको संरक्षण, प्रवर्द्धन एवं व्यवस्थापनका लागि अपनाउनुपर्ने विभिन्न आयामहरूको बारेमा छलफल साथै जुगल पर्यटनको सम्भावना, चुनौती र आगामी कार्ययोजनाको बिषयमा विज्ञस्तरको "जुगल पर्यटन कार्यशाला गोष्ठी" सम्पन्न भएको छ ।

२. १० जना प्रशिक्षार्थीलाई बेसिक माउन्टेनरिङ ट्रेकिङ गाइड तालिम दिईएको छ ।

३. जुगल हिमश्रृखंलाको ४२०० मिटर उचाईमा पहिलो पटक जुगल संवाद कार्यक्रम सम्पन्न भएको छ।

४. विभिन्न धार्मिक तथा साँस्कृतिक कार्यक्रमहरूको लागि आर्थिक सहयोग प्रदान गरिएको छ ।

५. जुगल पर्यटन तथा साँस्कृतिक विकास ऐन, २०८२ जारी गरिएको छ ।

६. एब्त ऋज्बएत्भ्च ल्भएबी को आयोजनामा भएको अन्तर्राष्ट्रय सम्मेलनमा जुगलको पर्यटन प्रवर्द्धन सम्बन्धमा प्रस्तुती राखिएको छ ।

४. भौतिक पूर्वाधार विकासतर्फः

१. मूख्य सडकहरू (गोण्डे गाउँ पाङगर्पु बोल्दे सडक, सुनखोला घुङा पाङताङ सडक, ढाँडे राम्चे बराम्चे सडक, बैकुण्ठे नाम्फा सञ्चगाउँ सडक, विसिङखर हगाम हाप्रा सडक बाँसखर्क मानेडाँडा बाँदर रूख सडक, सेरा मानेडाँडा सडक, खुन्दुर्क गोल्चे सडक) को स्तरोन्नती भएको छ ।

२. जुगल ४ पाङताङमा थाम्राङ खोला झोलुङगे पुलको निर्माण कार्य भईरहेको छ ।

३. जुगल ५ चनौटेमा निर्माणाधिन १० शैयूया अस्पतालको निर्माण कार्य (फ्रेम स्ट्रक्चर सम्म) भएको छ ।

४. जुगल २ सिन्धुर्चेमा निर्माणाधिन जुगल भ्यू पोइन्ट तथा साँस्कृतिक केन्द्रको निर्माण कार्य (हालसम्म मुर्ती राख्नको लागि फ्रेम स्ट्रक्चर) भएको छ ।

५. जुगल १ सेलाङमा निर्माणाधिन जुगल मिनि रंगशालामा यो वर्ष प्यारफिट निर्माणको कार्य भईरहेको छ।

६. जुगल ६ मा मञ्जु श्री पार्क निर्माणको कार्य ( मुर्ती निर्माण र पदमार्ग ) भईरहेको छ ।

७. जुगल ५ मा जुगल ग्रामिण आँखा केन्द्र भवन निर्माण कार्य सम्पन्न भएको छ ।

८. जुगल ३ मा गुम्बा सामुदायिक स्वास्थ्य चौकीको भवन निर्माण कार्य सम्पन्न भएको छ ।

९. जुगल ५ चनौटेमा ॐ शान्ती भवन निर्माणको लागि बहुवर्षिय ठेक्का आव्हान भई सम्झौता भएको छ ।

१०. विभिन्न गुम्बा, मन्दिर तथा चर्च निर्माण तथा व्यवस्थापनको कार्य भईरहेको छ ।

११. गाउँ सभा हलको निर्माण कार्य ठेक्का मार्फत सम्पन्न भएको छ।

५.वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फः

१. यस जुगल गाउँपालिकामा विपद्जन्य घटनाबाट विस्थापित भई पुनस्थापना लाभग्राही (रु ८०००००।-) र पुनर्निर्माण लाभग्राही (रु ५०००००।-) लाभग्राही सम्बन्धि विवरण निम्नासुसार छन् ः

| क्र स | लाभग्राही सम्झौता | लाभग्राही प्रकार | | जग्गा लाभग्राही (३४४) | प्रथम किस्ता जम्मा (२२१) | | दोस्रो किस्ता जम्मा (१३२) | | तेस्रो किस्ता जम्मा (३२) | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुनस्थापना (३०१) | पुनर्निर्माण (४३) | | पुनस्थापना | पुनर्निर्माण | पुनस्थापना | पुनर्निर्माण | पुनस्थापना | पुनर्निर्माण |
| १ | जग्गा खरिद सहितको लाभग्राही | २८७ | ० | २८७ | २०० | ० | ११५ | ० | ३२ | ० |
| २ | जग्गा खरिद बाहेकका लाभग्राही | ० | २६ | २६ | ० | २१ | ० | १७ | ० | ० |
| ३ | सम्झौता हुन बाँकी लाभग्राही | १४ | १७ | ३१ | ० | ० | ० | ० | ० | 0 |

०

२. लिदी पहिरो पिडितहरुको लागि काधुरी संस्थाद्वारा निर्माण सम्पन्न गरि वसोवास गरिसकेको ६८ घर बाँशखर्क, तिनै तहको सरकारको संयुक्त लगानीमा स्थानान्तरण गरिएको चौतारा साँगाचोकगढी नगरपालिका वडा नं ५ चौतारामा ६५ जना, वडा नं ४ कुविण्डेमा ६७ जना र जुगल ५ चनौटेमा १७ जना गरी जम्मा १४९ जना लाभग्राहीहरुको घर निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ जसमध्ये २६ जना लाभग्राहीले अन्तिम किस्ता प्राप्त गरिसकेको अवस्था छ।

३. जुगल गाउँपालिकाका सम्पूर्ण वडाहरुको भू वर्गीकरण गरिएको छ ।

४. यो वर्ष गाउँपालिकाका ३२ जनालाई अस्थायी लाभग्राही कायम गरिएकोमा जम्मा १२ घर( तेथा-९ घर, कुनेगाउँ-२ घर र याङलाकोट-१ घर) सहितको अस्थायी आवास महिला आत्मनिर्भता केन्द्र मार्फत निर्माण गरिएका छन् भने बाँकी २० घरको लागि नेपाल सरकार मार्फत अस्थायी आवास निर्माणको थालनी भईसकेको छ ।

५. गाउँपालिकामा आईपर्न सक्ने विपदका घटनाहरूलाई न्यूनिकरण गर्नका लागि पूर्वतयारी तथा प्रतिकार्य प्रयोजनार्थ ईलाका प्रहरी कार्यालय, जलबिरे र प्रहरी चौकीहरूलाई विपद सामाग्री वितरण गरिएको छ ।

६. यो वर्ष विपद प्रभावित तथा पूर्व तयारी र प्रतिकार्यको लागि निम्नानुसार विपदका क्षेत्रहरूमा प्रकोप व्यवस्थापन कोषको बजेट खर्च गरिएका छन्ः

| क्र.स. | विपदका क्षेत्रहरु | क्रियाकलाप/कार्यको विवरण | जम्मा खर्च रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | झोलूङ्गे पूल मर्मत | साङ्लुङ झो.पु. मर्मत | रु २९,७२१।- | वडा नं ३ र २ |
| २ | झोलुङ्गे पूल मर्मत | दिपू झोलुङ्गे पूल मर्मत | रु ३०००००।- | वडा नं ३ र २ |
| ३ | विध्यालय वाल निर्माण | सातकन्या आ.वि. वाल निर्माण | रु ३,१२,०००- | वडा नं २ |
| ४ | सडक मर्मत | बलेफी तेम्बाथाङ हिलेवेसी स्थित सडक मर्मत | रु २,०५,०००- | वडा नं ४ |
| ५ | सडक मर्मत | बराम्ची सिस्नेरी चनौटे सडक मर्मत | रु १७०००००।- | वडा नं ५ |

| | | | | |
|---|---|---|---|---|
| ६ | खोला नियन्त्रण | बोकल खोला नियन्त्रण | रु ६०००००।- | वडा नं ६ र ७ |
| ७ | खोला नियन्त्रण | बलेफी खोला नदि नियन्त्रण | रु ७,५०,०००।- | वडा नं ५ |
| ८ | काठको फड्के मर्मत | घट्टेखोला/हेराङ्ग खोला काठको फड्के मर्मत | रु ४५०००।- | वडा नं ३ |
| ९ | विपद् सामाग्री खरिद | विपद् जन्य घटनामा प्रयोग हुने सम्पूर्ण सामाग्रीहरु | रु १०,०००००।- | गाउँपालिका |
| १० | झोलुङ्गे पूल मर्मत | नेशम खोला झोलूङ्गे पूल मर्मत | रु २,२०,०००।- | वडा नं ३ |
| ११ | क्षतिग्रस्त विध्यालय भवन निर्माण | सोलेथान आ.वि.को भवन निर्माण | रु २०,०००००।- | वडा नं २ |
| १२ | जोखिममा रहेको ढुङ्गा | साल डाँडा ढुङ्गा फुटाएको | रु २०,७४१।- | वडा नं २ |
| १३ | चट्याङ | चट्याङ लागेको राहत | रु ३०,०००।- | वडा नं १ |
| १४ | पहिरो | धन बहादुर तामाङ पहिरो पिडित राहत | रु २५०००।- | वडा नं ३ |
| १५ | आगोलागी | चन्द्र बहादुर श्रेष्ठ आगोलागी राहत | रु २५०००।- | वडा नं ५ |
| १६ | वस्ती संरक्षण | खमारे वस्ती संरक्षण | रु १५०,०००।- | वडा नं ५ |
| १७ | आगोलागी | आगोलागी क्षति राहत रकम | रु २५०००।- | वडा नं ७ |
| १८ | पहिरो पिडितको लागि खाद्यान्न वितरण | कुनेगाउँ पहिरो मसलन्द वितरण | रु १४,४९५।- | वडा नं १ |
| १९ | पहिरो पिडितहरुको राहत | तेगा पहिरो पिडितहरुको लागि राहत | रु ५३,५३०।- | वडा नं ३ |
| २० | आगोलागी राहत | हगाम हाप्रा आगोलागी राहत | रु १५,२९०।- | वडा नं ६ |
| | | जम्मा रु ७५,२०,७,७७।- | | |

**६.न्यायिक तर्फः**

१. मेलमिलापकर्ता समाज जिल्ला शाखा सिन्धुपाल्चोकको समन्वयमा मेलमिलापसम्बन्धी जिल्ला स्तरीय समिक्षा कार्यक्रम सम्पन्न भएको छ।

२. आ व २०८१।०८२ मा गाउँपालिकामा १८ वटा विवाद दर्ता भएकोमा १६ वटा विवादको मेलमिलाप भएको छ र

३. नेपाल बार एशोसिएसन जिल्ला अदालत बार इकाईको सहजीकरणमा जनप्रतिनिधि न्यायिक समितिका पदाधिकारी र मेलमिलापकर्ताहरूलाई कानूनी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको छ।

४. गाउँपालिकाभित्र स्थायी बसोबास गर्ने ११ जनालाई नि शुल्क कानुनी सहायता प्रदान गर्रिदै आएको छ।

५. सामाजिक विकृतिविरुद्ध कानूनी सचेतना र सडक नाटक कार्यक्रम सम्पन्न गरिएको छ।

६. कानूनी समस्याबारे नागरिकहरुसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ।

७. न्यायिक व्यवस्थापन प्रणाली साफ्टवेयरमार्फत विववादको अभिलेख प्रणालीलाई व्यवस्थित गरिएको छ।

७.संघ संस्था साझेदारीः

१. फ्रेड हलोज फाउन्डेसन अस्ट्रेलियाको सहयोग तथा नेपाल रेडक्रस सोसाइटी सिन्धुपाल्चोकको समन्वयमा र तिलगंगा आँखा प्रतिष्ठान केन्द्र र गाउँपालिकाको साझेदारीमा आँखाका रोगको उपचार गर्ने गरि जुगल ग्रामिण आँखा केन्द्र संचालन रहेको छ।

२. जुगल गाउँपालिकाको समन्वय तथा शान्ति फाउन्डेसनको लगानीमा गाउँपालिकाभित्र जोखिममा रहेका समुदायलाई उत्थानशिल जिविकोपार्जन निर्माण सम्बन्धि पञ्चवर्षिय परियोजना कार्यक्रम अन्तर्गत २ जनालाई मानव बेचविखन र लैंगिक हिंसा प्रभावितलाई सहयोग, सचेतनामूलक होर्डिङ बोर्ड, अभिमूखिकरण, लैंगिक समानताका लागि व्यवहार परिवर्तन कार्यशाला गोष्ठि सम्पन्न भएका छन् ।

३. जुगल गाउँपालिका र महिला आत्मनिर्भरता केन्द्रबीचको साझेदारीमा जुगल २ मा ताकु सामुदायिक स्वास्थ्य इकाई भवन (३ कोठे भवन) निर्णाणको कार्य सम्पन्न भएको छ।

४. धुलिखेल अस्पतालको सहयोगमा समुदायमा आधारित उच्च रक्तचाप नियन्त्रण सम्बन्धि अनुसन्धानमूलक कार्यक्रम सम्पन्न भएको छ, जसमा कुल स्क्रिनिङ ३,८९२ जनामा गरेको मध्ये ३९८ जनामा उक्त रक्तचापका केसहरू पत्ता लागेको थियो ।

५. दयाका हातहरु नेपाल नामक संस्थाले ३० जनालाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धि तालिम, मानव बेचविखन सम्बन्धि ५ वटा होर्डिङ बोर्ड, ३५ जनालाई यौनजन्य तथा लैंगिक हिंसा सम्बन्धि तालिम, २५ जना विद्यार्थीहरूलाई ट्युसन क्लास र खाजा पोशाक र स्टशनरी लगायतको सहयोग ,व्यवसाय प्रयोजनको लागि जुगल ५ का १० परिवारलाई उन्नत जातका ७ बाख्रा तथा ५ सेट गलैंचा सहयोग गरेको छ । त्यसैगरी १ जनालाई तरकारी खेती तथा १ जना आर्थिक अभाव भएको महिला विद्यार्थीलाई पढाईमा सहयोग प्रदान गरेको छ।

६. लोक शान्ति फाउन्डेसनले पञ्चकन्या आ वि मा २०० जना विद्यार्थीहरूलाई झोला वितरण गरेको छ ।

८. अन्यः

१. जुगल गाउँपालिकाको भौगोलिक क्षेत्रभित्रका नदीजन्य पदार्थ तथा स्लेटको सर्वेक्षण, उत्खनन्, संकलन र उपयोगलाई व्यवस्थित बनाई गाउँपालिकामा रोजगारी सिर्जना गर्ने, राजश्व संकलनमा वृद्धि गर्ने, व्यवसायीहरूको आर्थिक कारोबार वृद्धि गर्ने तथा आम उपभोक्तामा निर्माण समाग्रीको सहज पहुँच स्थापित गर्ने प्रयोजनार्थ स्लेटको उत्खनन् र संकलनको कार्यलाई व्यवस्थित बनाउने कार्य अगाडी बढिरहेको छ।

२. वन डढेलो नियन्त्रण तथा रोकथामका लागि सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरुलाई एक दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

३. गाउँपालिकाको शान्ति,सुरक्षा,सार्वजनिक सेवा प्रवाह र स्थानीय तहमा हुन सक्ने अपराध र सोको न्यूनिकरण सम्बन्धमा प्रमुख जिल्ला अधिकारी सहित अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय जुगल गाउँपालिका बिच संघीयता कार्यान्वयनमा समन्वय र सहकार्य गर्नुपर्ने विषयहरुको बारेमा छलफल भएको छ।

५. यो वर्ष चिनियाँ सरकारबाट अनुदानको रुपमा गाउँपालिकालाई प्रदान गरिएको स्काभेटर (ाइल्प्क्ष्ल्न ीन्६२०५) मा ९२६ घण्टा चल्दा १६,६६८ लिटर ईन्धन खर्च भएको देखिन्छ जसले वडा नं १,२,४ र ५ को विभिन्न ठाउँहरूमा जम्मा ८,६३,५८२ घनमिटर सडक चौडाई, सरसफाई, मर्मत, जग्गा सम्याउने र नयाँ ट्र्याक खोल्ने कार्य भएको छ ।

